जलवायु वित्त

हाते पुस्तिका

सङ्घीय संसद तथा प्रदेशसभा
र स्थानीय तहका लागि

व्यवस्थापिका संसद
२०७४

जलवायु वित्त

हाते पुस्तिका

सङ्घीय संसद तथा प्रदेशसभा
र स्थानीय तहका लागि

व्यवस्थापिका संसद
२०७४

सर्वाधिकार ©२०७४
व्यवस्थापिका संसद, अर्थ समिति तथा वातावरण संरक्षण समिति

शैक्षिक प्रयोजनका लागि बाहेक यस हाते पुस्तिकाको कुनै पनि अंश फोटोकपी वा अन्य कुनै माध्यमबाट प्रतिलिपी बनाई प्रयोग गर्न पाइने छैन । यस सामग्रीको प्रयोग गर्दा देहायबमोजिम साभार स्रोत उल्लेख गर्नुपर्ने छ ।

साभार :
व्यवस्थापिका संसद (२०७४): जलवायु वित्त हाते पुस्तिका, अर्थ समिति तथा वातावरण संरक्षण समिति, व्यवस्थापिका संसद, काठमाडौं, २०७४ ।

प्रकाशक :
व्यवस्थापिका संसद,
अर्थ समिति
फोन : ०१-४२००१२३
र
वातावरण संरक्षण समिति,
फोन: ०१-४२११८६५

प्राविधिक सहयोग : संसद सहयोग परियोजना र गभर्नेन्स अफ क्लाइमेट चेन्ज फाइनान्स प्रोग्राम, यूएनडीपी

आर्थिक सहयोग: यूकेएड

डिजाइन ले–आउट : स्पन्दन डिजाइन कम्युनिकेसन, कुपन्डोल ललितपुर

नेपालमा मुद्रित

व्यवस्थापिका-संसद सचिवालय

संसद भवन, सिंहदरबार
काठमाडौं, नेपाल ।

पत्र संख्या:- ०७६\०७२
च.नं.:- ०६८

प्राक्कथन

जलवायु परिवर्तनका प्रभावहरूबाट सबैभन्दा जोखिममा रहेको मुलुकहरूमध्ये नेपाल एक हो । दिगो विकास लक्ष्य प्राप्तिमा जलवायु परिवर्तनका प्रभावले पार्ने नकारात्मक असरलाई सम्बोधन गर्दै नेपाललाई मध्यम आय भएको मुलुकको हैसियतमा पुऱ्याउने राष्ट्रिय दायित्व एकातिर छ भने अर्कोतिर पेरिस सम्झौताको हस्ताक्षरकर्ता राष्ट्रको हैसियतले जलवायु परिवर्तनलाई सम्बोधन गर्ने राष्ट्रिय प्रतिबद्धताहरू पूरा गर्ने चुनौती छ। जलवायु परिवर्तनलाई सम्बोधन गर्न उल्लेख्य धनराशिको आवश्यकता पर्दछ जुन राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्रोतहरूबाट प्राप्त गर्नुपर्ने हुन्छ । नेपालले विगत केही वर्षदेखि वार्षिक विकास कार्यक्रमहरूमार्फत जलवायु अनुकूलन तथा न्यूनीकरणका क्षेत्रमा विनियोजन भएको बजेट (जलवायु वित्त) पहिचान गर्ने र जलवायु परिवर्तनसँग सम्बन्धित ती कार्यक्रमहरूमा भएको खर्चको प्रतिवेदन तयार गर्ने कार्यमा उल्लेखनीय कार्य गर्दै आएको छ ।

जलवायु परिवर्तनसँग सम्बन्धित क्रियाकलापका लागि वार्षिक बजेटमा कसरी बजेट विनियोजन हुन्छ, विनियोजित बजेटले संकटापन्न समुदायहरूमाथिको जलवायु जोखिम घटाउन के-कसरी सघाउ पुगेको छ तथा जलवायु वित्तको प्रभावकारिता बढाउन के गरिनुपर्छ भन्ने जस्ता विषयहरूमा निरन्तर निगरानी गर्दै राष्ट्रिय जलवायु वित्त प्रणालीलाई विश्वसनीय, पारदर्शी र प्रभावकारी बनाउन संसदीय अनुगमनको ठूलो भूमिका हुन्छ। संसदीय समितिहरूको यही भूमिकालाई स्पष्ट र व्यावहारिक बनाउन तयार गरिएको प्रस्तुत हाते पुस्तिका माननीय सांसद तथा संसदका कर्मचारीहरूका निम्ति एउटा व्यावहारिक सन्दर्भ सामग्री हो, जसले बजेट चक्रका सबै चरणहरू (बजेटको निर्माण, स्वीकृति, कार्यान्वयन तथा अनुगमन) लाई प्रभावकारी बनाउने कार्यमा जाँचपड्ताल गर्न सघाउने छ ।

हाते पुस्तिकाको तयारीको क्रममा बृहत् छलफलका लागि अर्थ समिति र वातावरण संरक्षण समितिको संयुक्त आयोजनामा गोष्ठीको आयोजना गरिएको थियो, र तत्पश्चात्, थप कार्यका लागि एक कार्यदलको निर्माण गरी हाते पुस्तिकालाई अन्तिम रूप दिइएको थियो । यसका साथै, कार्यदलले जलवायु परिवर्तनसँग सम्बन्धित विद्यमान परिस्थितिको मूल्याङ्कन गर्न र एकीकृत रूपमै जलवायु परिवर्तनका प्रभावहरू सम्बोधन गर्ने प्रयोजनका लागि विभिन्न सरोकारवालाहरूसँग स्थलगत रूपमै परामर्श गर्ने क्रममा २०७४ भदौ महिनामा म्याग्दी र बर्दिया जिल्लाको स्थलगत भ्रमण गरेको थियो र सोही अवसरमा प्रस्तुत हाते पुस्तिकाको प्रयोग तथा परीक्षणसमेत गरेको थियो ।

जलवायु परिवर्तनको विषय विकासका सबै पक्षसँग जोडिने भएकोले अन्य संसदीय समितिहरूमा हुने छलफलमा पनि जलवायु परिवर्तनसँग सम्बन्धित मुद्दाहरू जोडिएर आउँछन् । तसर्थ, वार्षिक कार्यक्रम तथा बजेटमाथिको छलफलका बेला अन्य संसदीय समितिहरूमा हुने छलफलमा पनि जलवायुजन्य मुद्दाहरूलाई समेट्नु जरुरी छ । साथै प्रदेश र स्थानीय सरकारहरूबाट तयार गरिने वार्षिक कार्यक्रममा समेत जलवायु परिवर्तनका विषयहरू अझ घनीभूत रूपमा जोडिएर आउनेछन् । यस अर्थमा प्रस्तुत हाते पुस्तिका सङ्घीय संसदका विषयगत समिति तथा अन्य सबै समितिहरूका अतिरिक्त प्रदेशसभा तथा स्थानीय तहहरूका लागि पनि उपयोगी हुने गरी तयार गरिएको छ । जलवायु परिवर्तनका असरहरूसँग जुध्न नेपाल लागिपरेको सन्दर्भमा प्रस्तुत हाते पुस्तिका निकै उपयोगी हुने हामीले आशा लिएका छौं ।

प्रस्तुत हाते पुस्तिकालाई यस स्वरूपमा ल्याइपुऱ्याउन तथा उपयोगी सन्दर्भ सामग्रीका रूपमा पारित गर्न पुऱ्याउनु भएको सहयोग र उत्साहको सराहना गर्दै दुवै विषयगत समितिका माननीय सदस्यहरूलाई हार्दिक धन्यवाद व्यक्त गर्न चाहन्छौं । साथै, दुवै समितिका कर्मचारीहरूलाई पनि हार्दिक धन्यवाद । हाते पुस्तिका तयार गर्न पुऱ्याएको प्राविधिक सहयोगका लागि यूएनडीपीलाई पनि धन्यवाद दिन चाहन्छौं । धन्यवाद ।

मा.प्रकाशज्वाला
सभापति,
अर्थ समिति
व्यवस्थापिका संसद

मा.गीता क्षेत्री
सभापति,
वातावरण संरक्षण समिति
व्यवस्थापिका संसद

विषय-सूची

खण्ड - १: जलवायु वित्तसम्बन्धी हाते पुस्तिका किन ? ०१
१. परिचय ०२

खण्ड - २: नेपालमा जलवायु वित्त र संसदको भूमिका ०५
२.१ जलवायु वित्त किन महत्वपूर्ण छ ? ०५
२.२ नेपालमा जलवायु वित्त ०९

खण्ड - ३: संसद र बजेट चक्र २०
३.१ बजेट चक्र २०
३.२ बजेट तर्जुमा २१
३.३ बजेट स्वीकृति २८
३.४ बजेट कार्यान्वयन तथा लेखा परीक्षण ३५
३.५ तथ्य एवं तथ्याङ्कका स्रोत सङ्कलन ३८

खण्ड - ४: सहकार्यका लागि सरोकारवाला साझेदारहरू ४०
४.१ सरकारी निकायहरू ४१
४.२ नागरिक समाज तथा अन्य साझेदारसँगको सहकार्य ४३

परिशिष्ट १: सन्दर्भ सामग्री ४५
परिशिष्ट २: सहयोगी संस्थाहरूको विवरण ४८
परिशिष्ट ३: सुनुवाइ गर्ने प्रस्तावित समय तालिकाको नमुना ४९
परिशिष्ट ४: समितिबाट गरिने सुनुवाइका लागि प्रस्तावित सूची ५१

खण्ड - १

जलवायु वित्तसम्बन्धी हाते पुस्तिका किन ?

जलवायु वित्तसम्बन्धी यो हाते पुस्तिका जलवायु परिवर्तनलाई सम्बोधन गर्ने सिलसिलामा तयार गरिने वार्षिक बजेट कार्यक्रमको तर्जुमा, स्वीकृति, कार्यान्वयन र अनुगमनको क्रममा सङ्घीय संसद तथा प्रादेशिक सभा र स्थानीय तह समेतलाई जलवायु वित्तको विनियोजन, यसको प्रभावकारी कार्यान्वयन र अनुगमनबारे आवश्यक जाँचपड्ताल र निगरानीमा सघाउ पुऱ्याउन निम्न उद्देश्यसहित तयार गरिएको छ।

- जलवायु परिवर्तनका विषयलाई सम्बोधन गर्न नेपाल सरकारबाट खासगरी वित्तीय क्षेत्रमा भएका कार्यबारे जानकारी गराउनु
- वार्षिक बजेट कार्यक्रममा जलवायु वित्तको प्रभावकारी मुलप्रवाहिकरणका लागि वार्षिक बजेट चक्रको विभिन्न चरणमा माननीय सांसदज्यूहरूबाट उठाइने मुद्दा तथा केही सम्भावित प्रश्नहरूको नमुना प्रस्तुत गर्नु
- वार्षिक बजेटमा जलवायु वित्तको जाँचपड्तालका साथै त्यसलाई संस्थागत गर्न संसदीय समितिहरूले सम्बन्धित मन्त्रालय, नागरिक समाज तथा समुदायसँग जानकारी लिने क्रममा अपनाउन सक्ने व्यावहारिक कदमका विकल्पहरू प्रस्तुत गर्नु, तथा
- संसदीय समितिहरूको निर्देशन तथा निगरानीको जिम्मेवारी बहन गर्ने सिलसिलालाई सघाउन जलवायु परिवर्तन तथा जलवायु वित्तसँग सम्बन्धित विद्यमान सूचनाका स्रोत, अध्ययन अनुसन्धानका नतिजा, तथा विज्ञहरूको संक्षिप्त विवरण प्रस्तुत गर्नु

जलवायु परिवर्तन तथा जलवायु वित्तमा केन्द्रित यो हाते पुस्तिका यस अघिको "दिगो विकास लक्ष्य कार्यान्वयन गर्ने कार्यमा संसदको भूमिका: संसदीय हाते पुस्तक" को पुरक हुने गरी तयार गरिएको छ। दिगो विकास लक्ष्यसम्बन्धी यस अघिको हाते पुस्तक दिगो विकासका सबै लक्ष्यमा केन्द्रित थियो भने यो हाते पुस्तिका केवल जलवायु परिवर्तन र त्यससँग सम्बन्धित वित्त व्यवस्थापनमा केन्द्रित छ।

जलवायु वित्तको प्रभावकारी कार्यान्वयन गर्ने क्रममा जलवायु परिवर्तनको प्रभावलाई न्यूनीकरण गर्ने वा त्यससँग अनुकूलित हुन लक्षित र जोखिममा रहेका समुदायमै जलवायु वित्त पुगोस् भन्ने यकिन गर्न यस हाते पुस्तिकाले संसदीय समिति र मन्त्रालय, नागरिक समाज वा अन्य सरोकारवाला संस्थाहरूबीच हुनुपर्ने संवाद र जानकारी लिने विषयलाई सघाउनेछ। यो हाते पुस्तिकाले जलवायु

परिवर्तनसँग सम्बन्धित कार्यक्रमसँग सरोकार राख्ने सबै पक्षहरूबीच सहकार्यको आवश्यकतालाई बढावा दिन पनि सघाउनेछ ।

१. परिचय

जलवायु परिवर्तनका असरबाट चर्कोरुपमा प्रभावित हुने मुलुकमध्ये नेपाल एक हो । जलवायु परिवर्तनले अहिले नै नेपालको विकासमा प्रतिकूल प्रभाव पार्नुका साथै भविष्यमा समेत व्यापक रूपमा प्रभाव पार्ने प्रवल सम्भावना छ। जलवायु परिवर्तनबाट आइपर्न सक्ने चुनौतीहरूको सामना गर्न नेपाल सरकारले क्रमिक रूपमा आवश्यक उपायहरू अवलम्बन गर्दै आएको छ। यसका लागि नेपाल सरकारले आफ्नै स्रोतसाधन तथा अन्तर्राष्ट्रिय विकास साझेदार संस्थाहरूबाट प्राप्त सहयोग समेतको परिचालन गरी आफ्ना अन्तर्राष्ट्रिय निश्चित प्रतिबद्धताहरू पूरा गर्नुका साथै अनुकूलनका लागि समेत खर्च गर्दै आएको छ। जलवायु परिवर्तनले अत्याधिक प्रभावित हुने मुलुकको हैसियतले नेपालले आगामी दिनहरूमा पनि जलवायु परिवर्तनको कारणबाट देखापर्ने प्रभावहरूलाई न्यून गर्न ठूलो मात्रामा राष्ट्रिय एवं अन्तर्राष्ट्रिय साधन र स्रोतको उपयोग गर्दै जानुपर्ने हुन्छ ।

बक्स १: जलवायु परिवर्तनसम्बन्धी सामान्य जानकारी

जलवायु परिवर्तन (Climate Change) भन्नाले लामो समयको अन्तरालमा प्राकृतिक रूपमा हुने जलवायुको उतारचढावका अलावा प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा मानवीय क्रियाकलापले पृथ्वीको वायुमण्डलको बनोटमा हुने फेरबदलका कारण थप रूपमा पृथ्वीको जलवायुमा क्रमशः देखा पर्ने परिवर्तन हो ।

न्यूनीकरण (Mitigation) हरित गृह ग्यासको उत्सर्जनमा कमी ल्याउन वा रोक्न गरिने कुनै पनि प्रयास ।

अनुकूलन (Adaptation) जलवायु परिवर्तनका कारण उत्पन्न हुने प्रतिकूल प्रभावबाट पुग्ने सम्भावित क्षतिबाट समुदाय र मुलुकलाई बचाउन लिइने व्यावहारिक कदम ।

जलवायु वित्त (Climate Finance) जलवायु वित्तको सर्व स्वीकार्य परिभाषा नभए तापनि सामान्यतया जलवायु परिवर्तन न्यूनीकरण वा अनुकूलनसम्बन्धी योजना तथा कार्यक्रम कार्यान्वयनका लागि आन्तरिक तथा बाह्य स्रोतबाट उपलब्ध गराइने आर्थिक स्रोतलाई जलवायु वित्त भनिन्छ ।

जलवायु प्रतिरोधी (Climate Resilient) भन्नाले त्यस्तो सामाजिक-पर्यावरणीय तथा आर्थिक प्रणालीलाई बुझाउँछ जसले जलवायु परिवर्तनको प्रतिकूल प्रभावलाई थेग्न सक्दछ । यसमा सम्बन्धित प्रणालीले परिवर्तित जलवायुसँग अनुकूलता कायम गर्दै आफ्नो दिगोपनाको प्रवर्द्धनका लागि प्रणालीको पुनर्संरचनासमेत गर्न सक्ने क्षमता राख्छ ।

न्यून कार्बन अर्थतन्त्र (Low Carbon Economy) भन्नाले त्यस्तो अर्थतन्त्रलाई जनाउँछ जुन अर्थतन्त्रमा कार्बन उत्सर्जन न्यून गर्ने इन्धनका स्रोतहरु प्रयोग गरिन्छ र हरितगृह ग्याँस (खासगरी कार्बनडाइ अक्साइड) को उत्सर्जन घटाउन मद्दत गर्छ ।

क्षमता अभिवृद्धि (Capacity Building) भन्नाले त्यस्तो प्रक्रियालाई बुझाउँदछ जसले मुलुकका संस्था, समुदाय, वा समूहको दक्षता एवं क्षमताको विकास र प्रवर्द्धन गर्ने एवं तिनलाई जलवायु परिवर्तनको असर अनुकूलन गर्दै जीवनयापन गर्न, बाँच्न र अगाडि बढ्न आवश्यक साधन स्रोत उपलब्ध गराउँछ ।

जलवायु परिवर्तनको प्रभावलाई न्यून तथा अनुकूलन गर्न गरिने सार्वजनिक लगानी, उद्देश्य अनुरूप विनियोजन गर्ने कार्यमा सङ्घीय संसद, प्रदेशसभा एवं स्थानीय तहहरूले महत्वपूर्ण भूमिका निर्वाह गर्नुपर्ने हुन्छ । सङ्घीय संसद, प्रदेशसभा एवं स्थानीय तहहरूको यही भूमिका निर्वाह गर्ने कार्यलाई सहयोग पुऱ्याउने अपेक्षासहित यो हाते पुस्तिका तयार गरिएको छ । यो हाते पुस्तिकाले निम्न विषयहरूका बारेमा जानकारी गराउनेछ :

क. जलवायु परिवर्तन र दिगो विकास लक्ष्यको सम्बन्ध,

ख. जलवायु परिवर्तनको प्रभावलाई सम्बोधन गर्न नेपाल सरकारले हालसम्म सञ्चालन गरेका क्रियाकलापहरू र तिनमा भएको वित्तीय लगानी,

ग. जलवायु परिवर्तनको प्रभावलाई सम्बोधन गर्न वार्षिक बजेट तर्जुमाका प्रत्येक चरणमा सङ्घीय एवं प्रदेशसभाका माननीय सभासदज्यूहरू एवं सचिवालयले तथा स्थानीय सरकारका प्रतिनिधिहरूले खेल्नुपर्ने भूमिका, उठाउनुपर्ने मुद्दा एवं गर्नुपर्ने कार्य, र

घ. माननीय सभासदज्यूहरूको भूमिकालाई प्रभावकारी रूपमा पूरा गर्न सघाउ पुऱ्याउन सहयोगी हुने सन्दर्भ सामग्रीहरू तथा तथ्यहरू ।

समग्रमा संघीय संसद, प्रादेशिक सभा र स्थानीय सभाले बजेट कार्यक्रम स्वीकृत गर्ने र बजेट कार्यान्वयनबाट भएका उपलब्धिको निगरानी गर्ने क्रममा जुन निश्चित उद्देश्यका लागि जलवायु परिवर्तनसम्बन्धी बजेट विनियोजन गरिएका छन्, सोही अनुरूप खर्च भएका छन् भन्ने यकिन गर्नु पर्ने हुन्छ ।

१.१ जलवायु परिवर्तन तथा दिगो विकास लक्ष्यहरू

दिगो विकासका लक्ष्यले विकास एकाङ्गी रूपमा हुन सक्दैन भन्ने एउटा महत्वपूर्ण पक्ष उजागर गरिदिएको छ । नेपालले विगतका दशकहरूमा विकासका क्षेत्रमा राम्रै प्रगति हासिल गरेको छ र दिगो विकासका लक्ष्य हासिल गर्दै सन् २०३० सम्ममा मध्यम आय भएको मुलुक बन्ने लक्ष्य लिएको छ । तर, जलवायु परिवर्तनको कारणबाट विगतमा हासिल गरिएका उपलब्धिहरू तथा भविष्यमा हासिल गर्नुपर्ने लक्ष्यहरू अत्यन्त जोखिमपूर्ण अवस्थातिर धकेलिने सम्भावना पनि त्यतिकै छ । जलस्रोत, खाद्य सुरक्षा, जैविक विविधता, वन सम्पदा, भौतिक पूर्वाधारहरू, मानवीय स्वास्थ्य, पर्यटन तथा जनजीविका जस्ता महत्वपूर्ण क्षेत्रमा नकारात्मक प्रभाव पार्ने हुँदा जलवायु परिवर्तन एउटा गम्भीर चिन्ताको विषय बन्न पुगेको हो ।

दिगो विकास लक्ष्यमध्ये १३ औं लक्ष्यले जलवायु परिवर्तनको विषय समेटेको भए पनि जलवायु परिवर्तनको आयामलाई समग्रमा ध्यान पुऱ्याउन सकिएन भने दिगो विकासका अन्य धेरै लक्ष्यहरू दिगो रूपमा हासिल गर्न सकिँदैन । उदाहरणका लागि जलवायु परिवर्तनको कारणबाट मौसमी प्रणालीमा हुने परिवर्तनले कृषि उत्पादकत्वमा प्रभाव पार्छ । यसले खाद्य सुरक्षामा अझ बढी नकारात्मक प्रभाव पार्छ (उदाहरणका लागि दिगो विकास लक्ष्य १,२,३,५,१२) । पानीबाट सर्ने रोगहरू फैलन सक्ने भई सहरी एवं ग्रामीण क्षेत्रमा स्वास्थ्यमा थप समस्या देखापर्ने सम्भावना

बढ्न सक्छ (उदाहरणका लागि दिगो विकास लक्ष्य ३,५,६,११)। स्वास्थ्य सेवामा कम पहुँच भएका समुदायलाई थप प्रतिकूल प्रभाव पार्ने हुन्छ। तसर्थ, जलवायु परिवर्तनको प्रतिकूल प्रभावलाई न्यून गर्ने र अनुकूलन गर्ने कार्य दिगो विकास लक्ष्य प्राप्तिका लागि गरिने प्रयासको अभिन्न अङ्गका रूपमा स्वीकारिएको छ । अर्थात, परम्परागतरूपमा आफ्नो खास क्षेत्रका विषयहरूलाई मात्रै ध्यान दिने गरेका विषयगत मन्त्रालयहरूले अब आफ्नो क्षेत्रमा हुने विकास कार्यहरूमा जलवायु परिवर्तनको असरको विषय समावेश गर्नु अनिवार्य नै हुन्छ। तसर्थ, आमनागरिक, नागरिक समाज, जनप्रतिनिधीज्यूहरू लगायत सबैले सरकारलाई जलवायु परिवर्तनको प्रभावलाई न्यून गर्ने कार्य व्यापक रूपमा सञ्चालन गर्न निरन्तर घचघच्याउनु पर्छ।

दीर्घकालमा दिगो विकास लक्ष्य प्राप्तिका लागि जलवायु परिवर्तनको प्रभावलाई न्यून गर्ने कार्य, विकास प्रक्रियाको एक अभिन्न अङ्गका रूपमा छ।

दिगो विकास लक्ष्यका अलावा पेरिस सम्झौता, सेन्डाई फ्रेमवर्क, विकास कार्यमा वित्तीय व्यवस्थाजस्ता अन्य अन्तर्राष्ट्रिय सम्झौताहरूले विकासको लक्ष्य प्राप्तिका लागि विभिन्न कोणबाट बाटो देखाएका छन्। यसरी राज्यपक्ष भई हस्ताक्षर गरिएका यी र यस्ता सम्झौताहरूले सिर्जना गरेका अन्तर्राष्ट्रिय राजनीतिक एवं वित्तीय दायित्वहरूको निर्वाहका लागि मात्र नभई जवाफदेही एवं पारदर्शी रूपमा आम जनसमुदायको हितमा खर्च होस् भनेर कार्यकारीलाई जवाफदेही बनाउन माननीय सांसदज्यूहरूको निगरानी (oversight) को भूमिका अझ घनीभूत रूपमा आवश्यक भएको छ।

यसअघि यूएनडीपीको सहयोगमा तयार गरिएको 'दिगो विकास लक्ष्य कार्यान्वयनमा संसदको भूमिका: संसदीय हाते पुस्तक' लाई जलवायु वित्त व्यवस्थापनबारे तयार गरिएको यस हाते पुस्तिकाको सन्दर्भ सामग्रीका रूपमा लिनु उपयुक्त हुन्छ।

खण्ड - २

नेपालमा जलवायु वित्त र संसदको भूमिका

२.१ जलवायु वित्त किन महत्वपूर्ण छ ?

२.१.१. जलवायु (परिवर्तन) वित्त भनेको के हो ?

सम्भवत: जलवायु परिवर्तन वित्त (यसपछि जलवायु वित्त भनिएको) आगामी वर्ष र दशकहरूमा विकास बजेटको महत्वपूर्ण अंगका रूपमा स्थापित हुनेछ किनकी जलवायु परिवर्तनको प्रभावलाई न्यूनीकरण (Mitigation) गर्न तथा अनुकूल (Adaptation) बनाउन सहयोग पुऱ्याउने कार्यक्रम तथा परियोजनाहरूका लागि उपलब्ध गराइने सबै प्रकारका वित्तीय स्रोत जलवायु वित्त (Climate Finance) हो । यस्ता वित्तीय व्यवस्थाका आन्तरिक स्रोतहरूमा, सङ्घीय, प्रादेशिक तथा स्थानीय सरकारका साथै निजी क्षेत्र र गैरसरकारी संस्थाका स्रोतहरू पर्छन् भने वाह्य स्रोतहरूमा क्षेत्रीय एवं अन्तर्राष्ट्रिय संस्थाहरू, समुद्रपार विकास सहयोग, अन्तर्राष्ट्रिय गैरसरकारी संस्था तथा कोषहरू पर्छन् । दिगो विकासका लक्ष्यका साथै पेरिस सम्झौता, सेन्डाई खाका जस्ता अन्तर्राष्ट्रिय प्रतिबद्धताले विकासका लक्ष्य प्राप्तिका लागि प्रयासहरू गर्दा जलवायु परिवर्तन जस्ता विषयलाई समेत ध्यानमा राखेका छन् । जलवायु परिवर्तनसम्बन्धी यस्ता वित्तीय व्यवस्थाहरूको रणनीति भनेको कम कार्बन उत्सर्जन गर्ने आर्थिक क्रियाकलापहरूमा लगानी गर्दै, विकासमा संलग्न समुदाय तथा संस्थाको क्षमता अभिवृद्धिलगायत अनुसन्धान तथा विकासलाई अघि बढाउँदै जलवायु उत्थानशील (Climate resilient) आर्थिक वृद्धि तथा विकासको लक्ष्य हासिल गर्नु हो ।

जलवायु परिवर्तनसम्बन्धी संयुक्त राष्ट्र सङ्घीय महासन्धि (UNFCCC) का अनुसार विकासोन्मुख वा अति कम विकसित मुलुकहरूमा जलवायु परिवर्तनको प्रभावलाई न्यून गर्ने कार्यमा सघाउने काममा वित्तीय साधन एवं स्रोत उपलब्ध गराउन विकसित मुलुकहरू प्रतिबद्ध छन् । यसका लागि विकसित मुलुकहरू सन् २०२० देखि निजी तथा सरकारी क्षेत्रबाट जलवायु परिवर्तनको प्रभाव न्यून गर्ने कार्यमा खर्चगर्न कम विकसित मुलुकहरूलाई प्रतिवर्ष थप १०० अर्ब अमेरिकी डलर सहायता उपलब्ध गराउन सहमत भएका थिए । UNFCCC का पक्ष (सदस्य) राष्ट्रहरूको २१ औं वैठकले सन् २०१५ को पेरिस सम्झौतामा विश्वको तापक्रम बढ्ने दर २° सेल्सियसभन्दा कम, र अझ सम्भव भएमा १.५° सेल्सियसभन्दा कम कायम गर्ने सहमति जनाएको छ । उक्त लक्ष्य हासिल गर्न महासन्धिका पक्ष मुलुकहरूले सन् २०२० पछि राष्ट्रियस्तरमा आ-आफूले गर्न सक्ने योगदान (Nationally Determined Contribution, NDC) को खाका प्रस्तुत गरेका छन् । ती खाकाले

जलवायु परिवर्तनको प्रतिकूल प्रभावलाई न्यून गर्ने सम्बन्धमा सम्बन्धित सरकारका रणनीति तथा प्रतिवद्धताहरू दर्शाउँछन् र यी खाकाहरू भविष्यमा मुलुकलाई जलवायु परिवर्तनसम्बन्धी खर्चका लागि विभिन्न स्रोतबाट प्राप्त हुने रकम (कोष) को आधार पनि हुन् । नेपालको राष्ट्रिय स्तरमा निर्धारित योगदान (NDC) को खाका बक्स २ मा दिइएको छ ।

२.१.२.जलवायु वित्त कहाँबाट प्राप्त हुन्छ ?

नेपाल जलवायु परिवर्तनबाट अति प्रभावित मुलुक हुनुकोसाथै कमजोर अर्थतन्त्र भएको अति कम विकसित मुलुक पनि हो । तसर्थ यहाँ जलवायु परिवर्तनको प्रभावलाई न्यूनीकरण तथा अनुकूल बनाउने कार्यक्रमहरू सञ्चालन गर्न, हालसम्म प्राप्त आर्थिक विकासका उपलब्धिहरूको संरक्षण गर्न र जलवायु परिवर्तनको सम्भाव्य जोखिम प्रतिरोधी विकास कार्य गर्न थप सहयोगको आवश्यकता पर्छ। अर्थात, आर्थिक विकासकालागि चाहिने साधन स्रोतको साथै जलवायुसम्बन्धी कार्यक्रमका लागि थप साधन र स्रोतको आवश्यकता पर्दछ । हाल नेपाल सरकारले अनुकूलन कार्यक्रमका लागि आवश्यक विकास योजना लागू गर्न आफ्नो नियमित आन्तरिक स्रोतको अतिरिक्त सीमित क्षेत्रमा तत्कालै गर्नुपर्ने तोकिएका जलवायुसम्बन्धी कार्यक्रमहरूका लागि द्विपक्षीय एवं बहुपक्षीय अन्तर्राष्ट्रिय सहयोगसमेत प्राप्त गरी लगानी गर्दै आएको छ। जलवायु परिवर्तनको प्रभाव बढ्दै जाँदा आगामी दिनहरूमा जलवायु

बक्स २: नेपालले जलवायु परिवर्तनसम्बन्धी संयुक्त राष्ट्र सङ्घीय महासन्धिमा प्रस्तुत गरेको राष्ट्रियरुपमा निर्धारित योगदान

१. राष्ट्रिय अनुकूलन योजना तर्जुमा गर्ने ।
२. वातावरण मैत्री स्थानीय शासन ढाँचाको कार्यान्वयनलाई सुदृढ गर्ने ।
३. जलवायु परिवर्तनको प्रभावलाई बुझ्ने तथा त्यसलाई सम्बोधन गर्ने सन्दर्भमा वैज्ञानिक अवधारणा अवलम्बन गर्ने ।
४. जलवायु परिवर्तनको प्रभावसँग सम्बन्धित नोक्सानीको थप अध्ययनगर्ने तथा बुझ्ने ।
५. आर्थिक विकासलाई अघि बढाउन कम कार्बन अर्थतन्त्रको रणनीति तयार गर्ने ।
६. सन् २०५० सम्मा ८० प्रतिशत विद्युतीकरण नवीकरणीय ऊर्जाबाट गर्ने, खनिज इन्धनको निर्भरतामा ५० प्रतिशतले कटौती गर्ने ।
७. साना तथा सूक्ष्म जल विद्युत् ऊर्जा (२५ मे.वा) सौर्य घर प्रणाली (६,००,०००), संस्थागत सौर्य शक्ति प्रणाली (१,५००) विकसित पानी मिल (४,०००), विकसित खाना बनाउने चुलो (४,७५,०००) गोबर ग्यास (१,३०,००० घरपरिवार, १००० संस्थागत तथा २०० सामुदायिक प्ल्यान्ट) को विकास गर्दै वनजङ्गल माथिको निर्भरता कम गर्ने ।
८. सामूहिक यातायात प्रणालीको विकासका लागि सन् २०४० सम्मा विद्युतीय रेल नेटवर्क सञ्चालन गर्ने ।
९. देशको कूल भू-भागको ४० प्रतिशत भू-भागमा वनजङ्गल कायम गर्ने ।
१०. सन् २०२५ सम्मको वायु प्रदूषणको दर कम गर्ने ।

वित्तको आवश्यकता निकै बढ्ने छ, जसका लागि थप स्रोतहरूमा नेपालको पहुँच पुग्नु पर्ने हुन्छ (तालिका १)। समग्रमा जलवायु वित्तका लागि निम्न स्रोतहरू रहेका छन्।

क) सरकार : विश्वका सबै मुलुकले आफ्नो आन्तरिक स्रोत (निजी तथा सार्वजनिक) बाट जलवायु परिवर्तनको प्रतिकूल प्रभावको न्यूनीकरण तथा अनुकूलन गर्ने कार्यक्रमहरूमा खर्च गर्दै आएका छन्। यी खर्चहरू विकास कार्यकै अंगका रूपमा खर्च हुँदै आएका छन् र भइरहनेछन्। यसका साथै संयुक्त राष्ट्र सङ्घीय विकास कार्यक्रमको सहयोगमा नेपालबाट सुरुआत भई हालसम्म ३६ मुलुकमा गरिएका जलवायु परिवर्तनसम्बन्धी सार्वजनिक खर्च तथा संस्थागत पुनरावलोकन (CPEIR) ले पनि तत्-तत् मुलुकहरूले आफ्नो आन्तरिक स्रोतबाट जलवायु परिवर्तनसम्बन्धी गरिएको खर्चका बारेमा पनि जानकारी गराउँछ।

ख) बहुराष्ट्रिय बैंकहरू : विश्व बैंक तथा एसियाली विकास बैंकले आर्थिक सामाजिक विकासका लागि गर्ने सहयोगमा न्यूनीकरण तथा अनुकूलनका लागि पनि सहयोग गर्छन्। यसको अलावा विभिन्न अन्तर्राष्ट्रिय मञ्चहरूमा प्रतिबद्धता जनाए अनुरूप विकासोन्मुख मुलुकहरूमा जलवायु परिवर्तनको प्रभावलाई न्यून गर्ने थुप्रै अन्तर्राष्ट्रिय सार्वजनिक स्रोतहरू छन्।

ग) निजी क्षेत्र : आफ्नो व्यापारको जोखिम कमगर्न वा फाउन्डेसनकै रूपमा पनि निजी क्षेत्रले न्यूनीकरण वा अनुकूलनका लागि सहयोग गरेका छन्। खासगरी न्यून कार्बन क्रियाकलाप जस्ता क्षेत्रमा निजीक्षेत्र बढी क्रियाशील छन्।

घ) गैरसरकारी संस्थाहरू: विभिन्न राष्ट्रिय, अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरूबाट पनि जलवायु क्षेत्रमा सहयोग उपलब्ध भएको छ।

Climate Funds Update नामक स्वतन्त्र वेबसाइटले विकासोन्मुख मुलुकहरूमा जलवायु परिवर्तनको चुनौती सामना गर्न उपलब्ध हुने अन्तर्राष्ट्रिय जलवायु वित्तहरूका बारेमा जानकारी गराउँछ। यसले कहाँ र कसले जलवायु कोष स्थापना गर्दैछन्, त्यो कोषले के विषयलाई बढी प्राथमिकता दिएको छ, कस्ता कस्ता कार्यका लागि यसबाट रकम प्राप्त हुन्छ, कुन क्षेत्र तथा परियोजनामा प्राप्त हुन सक्दछ भन्नेबारेमा जानकारी गराउँछ। त्यस्तै नेपालले द्विपक्षीय एवं बहुपक्षीय अन्तर्राष्ट्रिय स्रोतबाट के-कति रकम, कुन कार्यका लागि प्राप्त गरेको छ भन्ने जानकारी पनि वेबसाइटमा पाउन सकिन्छ।

२.१.३. अन्तर्राष्ट्रिय स्रोतबाट जलवायु वित्त प्राप्त गर्न पूर्वशर्त

- अन्तर्राष्ट्रिय स्रोतबाट रकम प्राप्त गर्ने मुलुकमा विद्यमान वित्तीय व्यवस्थापन प्रणालीहरूमा उच्चस्तरको मानक (Standard) कायम हुनुपर्दछ। पारदर्शी तथा जवाफदेही वित्तीय प्रणाली हुनु जलवायु परिवर्तनसम्बन्धी अन्तर्राष्ट्रिय वित्तीय कोषबाट सहयोग प्राप्त गर्न एउटा पूर्वशर्त हो। अर्थात, रकम प्राप्तगरी जलवायुसम्बन्धी खर्च प्रभावकारी रूपमा प्रवाह गर्न दह्रो प्रत्ययी मानक (Fiduciary standard) हुनु जरुरी हुन्छ। खर्चलाई पारदर्शी, सहभागितामूलक तथा जवाफदेहीरूपमा व्यवस्थापन गर्न प्रभावकारी प्रणाली हुनु जरुरी छ।

- हुनत: बजेट प्रणाली बाहिरबाट जलवायु परिवर्तन योजना सोझै सञ्चालन (Direct funding) गर्दा कार्यक्रम प्रभावकारी रूपमा कार्यान्वयन हुनसक्छ, तर सानो क्षेत्रका केही समुदायमात्र लाभान्वित हुन्छन्। समग्र विकास कार्यक्रमकै अङ्गकोरूपमा जलवायुसम्बन्धी कार्यक्रम सञ्चालन गर्न प्रभावकारी सार्वजनिक खर्च प्रणालीको आवश्यकता रहन्छ। त्यस्तो खर्च प्रणालीको अभाव तथा रकम प्रवाहको व्यवस्थापन एवं साधनको प्रभावकारी उपयोगको अनुगमन गर्ने प्रणालीको अभावमा फजुल खर्च बढ्ने, दोहोरो लगानी हुने एवं यदाकदा स्रोतको सदुपयोग हुन नसकी रकम जुटाउन नसक्दा स्रोतको अभाव हुन गई जलवायु परिवर्तनको कारणबाट उत्पन्न समस्यालाई सम्बोधन गर्ने मुलुकको क्षमतामा ह्रास आउन सक्छ। जलवायु परिवर्तनसम्बन्धी कार्यमा खर्च हुने रकम पारदर्शी रूपमा विनियोजन र खर्च होस् भन्नका लागि आवश्यक जवाफदेही प्रणाली निर्माण गर्ने सम्बन्धमा उक्त प्रणालीको एउटा अभिन्न अङ्गको रूपमा सांसदज्यूहरूको निगरानी (oversight) आवश्यक हुन्छ।

तालिका १. जलवायु वित्तका स्रोतहरू

क्र.सं.	स्रोत	परिभाषा	प्राप्त हुने विधि
आन्तरिक स्रोत			
१	संङ्घीय सरकार	आन्तरिक रूपमा परिचालित सार्वजनिक र निजी क्षेत्रको स्रोत	सार्वजनिक वित्त प्रणाली
२	प्रादेशिक सरकार	संङ्घीय अनुदान, स्थानीय स्रोत तथा निजी क्षेत्र	प्रादेशिक सार्वजनिक वित्त प्रणाली
३	स्थानीय सरकार	संङ्घीय अनुदान, स्थानीय स्रोत तथा निजी क्षेत्र	स्थानीय सार्वजनिक वित्त प्रणाली
अन्तर्राष्ट्रिय स्रोत			
१	अनुकूलन कोष (AF)	अनुकूलनका लागि UNFCCC अन्तर्गत स्थापित स्वतन्त्र कोष	अनुदान, राष्ट्रिय वा अन्तर्राष्ट्रिय एक्रेडिटेड संस्थाबाट सोझै
२	जलवायु लगानी कोष (CIF)	न्यूनीकरण कार्यमा भएको वित्त कमीको परिपूर्तिका लागि	बहुराष्ट्रिय बैंकमार्फत
३	विश्वव्यापी जलवायु परिवर्तन अनुबन्धन (GCCA)	अति कम विकसित र टापु मुलुकका लागि युरोपेली संघद्वारा स्थापित	विकास सहयोग रूपमा
४	विश्वव्यापी वातावरणीय सुविधा भरोसा कोष (GEF)	विश्वव्यापी वातावरण संरक्षणका लागि स्थापित	को-फाइनान्स
५	हरित जलवायु कोष (GCF)	UNFCCC द्वारा स्थापित	राष्ट्रिय अन्तर्राष्ट्रिय संस्थामार्फत
६	अन्तर्राष्ट्रिय जलवायु पहल, जर्मनी	जैविक विविधता जोगाउनमा केन्द्रित	अनुदान र ऋण
७	अतिकम विकसित मुलुकहरुको कोष (LDCF)	अति कम विकसित मुलुकका लागि स्थापित	अनुदान
८	नोर्डिक जलवायु कोष (NCF)	कम आय भएका मुलुकका लागि स्थापीत	राष्ट्रिय अनुकूलन कार्य योजना (नापा)ले पहिचान गरेको योजनामा लगानी गर्ने
९	अन्तर्राष्ट्रिय जलवायु कोष (ICF)	न्यून कार्बन आधारित आर्थिक वृद्धि तथा अनुकूलन	अनुदान

- आर्थिक, सामाजिक तथा वातावरणीय चुनौतीहरूलाई सामना गर्ने अदिस अवावा (Addis Ababa) कार्य योजना अर्को एउटा महत्वपूर्ण अन्तर्राष्ट्रिय सम्झौता हो। अदिस अवावा कार्य योजनाले गरिब तथा असहाय एवं अति प्रभावित समुदायले सहजै रूपमा वित्तीय साधन प्राप्त गर्न सकुन् तथा जलवायु प्रतिरोधी विकासमा लगानी बढाउन सकुन् भन्नका लागि साधनलाई प्रभावकारी रूपमा व्यवस्थापन गर्न सार्वजनिक वित्त व्यवस्थापन (PFM) को प्रयोगलाई प्रोत्साहित गरेको छ। यस सन्दर्भमा वार्षिक बजेटमा जलवायु वित्तको विनियोजन तथा खर्चमा उच्चस्तरको पारदर्शिता कायम गर्न नेपालले सार्वजनिक खर्च प्रणालीमा आवश्यक सुधार प्रक्रियालाई अगाडि बढाइसकेको छ।
- तालिका १ मा उल्लेख भएअनुसारका जलवायु कार्यक्रमका लागि विभिन्न स्रोतहरूबाट स्रोत परिचालन हुन्छ। नेपालले अन्तर्राष्ट्रिय कोषबाट पनि सहयोग प्राप्त गर्न सक्दछ। अन्तर्राष्ट्रिय स्रोतहरूमध्ये हरित जलवायु कोषजस्ता केही विश्वव्यापी कोषहरूले नेपालजस्तो अति प्रभावित मुलुकलाई बढी सहयोग गर्दछन्। उक्त ठूला स्रोतहरूबाट प्राप्त रकम बजेटको 'रातो किताब' मार्फत प्रवाहित हुन्छन्, अर्थात सोझै आयोजनाकोरुपमा परिचालन गर्न पाइँदैन। तसर्थ, उक्त स्रोतहरूबाट रकम प्राप्त गर्न मुलुकको सार्वजनिक वित्त प्रणालीमा उच्चस्तरको मानक कायम हुनुपर्छ।

२.२ नेपालमा जलवायु वित्त

२.२.१ जलवायु परिवर्तन सम्बन्धी कार्यमा भएको राष्ट्रिय/अन्तर्राष्ट्रिय लगानी

क). राष्ट्रिय

सन् २०१० मा राष्ट्रिय अनुकूलन कार्य योजना (नापा) को निर्माण पछि नेपाल सरकारले नापाले पहिचान गरेको तत्काल गर्नुपर्ने परियोजनाहरूमा लगानी गर्न नीतिगत सुधारका प्रक्रियाहरू सुरु गऱ्यो। नापा लागू गर्न सरकारले विभिन्न परियोजना सञ्चालनका लागि केही अन्तर्राष्ट्रिय संस्थाहरूबाट समेत रकम प्राप्त गऱ्यो।

आन्तरिकतर्फ, नेपाल सरकारले सन् २०११ मा आन्तरिक स्रोतको उपयोगबाट नियमित विकास कार्यक्रमहरूमा जलवायु परिवर्तनसम्बन्धी कति खर्च भएको छ भन्ने कुराको लेखाजोखा गर्न जलवायु परिवर्तनसम्बन्धी सार्वजनिक खर्च तथा संस्थागत पुनरावलोकन (CPEIR) गऱ्यो। उक्त अध्ययनले नियमित वार्षिक बजेटबाट जलवायु परिवर्तनसम्बन्धी कार्यक्रम सञ्चालन भएका क्षेत्रहरू (Sector) पहिचान गऱ्यो र ती क्षेत्रहरूमा भएको बजेट विनियोजनको मूल्याङ्कन गऱ्यो।

त्यस लगत्तै सन् २०१२ मा जलवायु बजेट सङ्केत (Climate Budget Code) तयारी गरी लागू गऱ्यो जसले सार्वजनिक खर्च प्रणालीबाट भएको जलवायु परिवर्तनसम्बन्धी खर्च पच्छ्याउन (Tracking) मद्दत गऱ्यो। जलवायु बजेट सङ्केतले प्राथमिकताबमोजिम बजेट विनियोजन गर्न सघाउँछ।

जलवायु परिवर्तन नीति २०११ बमोजिम जलवायुसम्बन्धी उपलब्ध बजेटको ८० प्रतिशत स्थानीय तहमा खर्च हुनुपर्छ । जिल्लामा सञ्चालन हुने विकास कार्यक्रमका लागि विनियोजित बजेटका आधारमा हाल वार्षिक विकास बजेट भित्रको जलवायु परिवर्तनसँग सम्बन्धित बजेटको करिब ५२ प्रतिशत बजेट स्थानीयतहमा पुगेको अनुमान छ। जलवायु परिवर्तन नीतिले अङ्गीकार गरेबमोजिम ८० प्रतिशत जलवायुसम्बन्धी खर्च स्थानीय तहमा पुऱ्याउने प्रयास निरन्तर जारी छ ।

तालिका २ मा जलवायु परिवर्तनसम्बन्धी सार्वजनिक बजेट दिइएको छ । आ.व.२०७१/७२ सम्म वार्षिक बजेटको १० प्रतिशतको हाराहारीमा रहेको जलवायु परिवर्तनसँग सम्बन्धित बजेट भूकम्प पछिको पुनर्निर्माणलाई पनि सरकारले जलवायु प्रतिरोधी बनाउने कुरामा जोड दिएको हुँदा आ.व.२०७२/७३ पछि १९ प्रतिशतभन्दा बढी हुन पुग्यो । त्यस्तै आ.व.२०७४/७५ मा आइपुग्दा मुलुक सङ्घीयतामा गइसकेको र स्थानीय सरकारहरूको निर्वाचन भइसकेकाले स्थानीय सरकारमा जाने अनुदानको रकमलाई पनि जलवायु परिवर्तनसँग सान्दर्भिक हुने भनि परिभाषित गरिएकाले उक्त प्रतिशत ३० प्रतिशतभन्दा बढेको देखिन्छ ।

तालिका २. राष्ट्रिय बजेटमा जलवायुसम्बन्धी बजेटको अंश

बजेट विवरण	आर्थिक वर्ष						
	२०६८/६९	२०६९/७०	२०७०/७१	२०७१/७२	२०७२/७३	२०७३/७४	२०७४/७५
कुल राष्ट्रिय बजेट (रू.अर्बमा)	३८४.९	४०४.८२	५१७.२४	६१८.१	८१९.४६	१०४८.९२	१२७८.९
जलवायुसम्बन्धी बजेट (रू. अर्बमा)	२७.६३	२७.२	५३.४६	६६.३४	१५९.३४	२०१.६१	३९३.३
कुल बजेटमा जलवायुसम्बन्धी बजेट (प्रतिशतमा)	७.१८	६.७४	१०.३४	१०.७३	१९.४५	१९.२२	३०.७

श्रोत : NPC २०११ MOF २०१३, २०१४, २०१५, २०१६

ख) स्थानीय

हाल प्रयोग गरिएको जलवायु बजेट सङ्केतले स्थानीय तहमा हुने जलवायु बजेटको पूर्ण विवरण दिँदैन । स्थानीय निकायहरूले आ-आफ्नो क्षेत्रको विकास कार्यक्रमका लागि विभिन्न स्रोतबाट रकम प्राप्त गर्ने हुँदा धेरै बजेट नियमित सार्वजनिक खर्च प्रणालीमा आउँदैनन् पनि । यसको लेखाजोखा गर्न केही जिल्लाहरूमा जिल्लास्तरका जलवायु परिवर्तनसम्बन्धी सार्वजनिक खर्च तथा संस्थागत पुनरावलोकन अध्ययन गरिएको छ । अध्ययनको प्रमुख उद्देश्य स्थानीय निकाय, निजी क्षेत्र तथा राष्ट्रिय एवं अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरूले जलवायु परिवर्तनसम्बन्धी क्रियाकलापहरूमा गर्ने खर्च के-कस्ता योजनामार्फत गर्छन् र स्थानीय योजना तर्जुमा तथा बजेट बाँडफाँडको विषयलाई जलवायु परिवर्तनको विषयसँग एकीकृत गर्न स्थानीय तहमा के-कस्ता सम्भावना तथा चुनौतीहरू छन् भन्ने जानकारी उपलब्ध गराउनु थियो। तालिका ३ मा जिल्लाहरूले आफ्नो नियमित बजेटबाट जलवायुसम्बन्धी कार्यक्रमहरूमा गरेको खर्च देखाईएको छ । जिल्लाको कूल बजेटमा जलवायु परिवर्तन बजेटको अंश ९ देखि १७ प्रतिशतसम्म रहेको देखिन्छ। यस हिसाबले, आ.व.२०७४/७५

मा स्थानीय सरकारमा पठाइएको अनुदान रमकको पनि केही निश्चित प्रतिशत मात्र जलवायु परिवर्तनसँग सान्दर्भिक हुने स्पष्ट छ ।

तालिका ३. जिल्लाको कुल बजेटमा जलवायु परिवर्तनसम्बन्धी खर्चको अंश

स्थानीय तहको जलवायु बजेट	आर्थिक वर्ष				
	२०६८/६९	२०६९/७०	२०७०/७१	२०७१/७२	२०७२/७३
जिल्लाको औसत कुल बजेट (छनौट भएका जिल्लाको (रू हजारमा)	१९८६२६३	१९२२४१८	२३५६११८	२८७२१४३	३३१९७१७
जलवायु सम्बन्धी औसत बजेट (रू.हजारमा)	१९०३३९	१८५९७५	२२४८२९	४०३८९०	५६८९०५
जिल्लाको कुल बजेटमा जलवायु परिवर्तन बजेटको अंश (प्रतिशत)	९.६	९.७	९.५	१४.१	१७.१

श्रोत: MoFALD, २०१७

२.२.२ जलवायु परिवर्तनसम्बन्धी अन्तर्राष्ट्रिय लगानी

बहुपक्षीय तथा द्विपक्षीय अन्तर्राष्ट्रिय सहयोग प्राप्त जलवायु परिवर्तनसम्बन्धी कार्यक्रमहरूको विवरण तालिका ४ मा दिइएको छ ।

तालिका ४: अन्तर्राष्ट्रिय सहयोगमा संचालित जलवायु परिवर्तन सम्बन्धी परियोजनाहरू र प्राप्त रकम

स्रोत	बहुपक्षीय परियोजनाहरु	रकम अमेरिकी डलर (दश लाखमा)	
		स्वीकृत	निकासा
साना किसानहरुको कृषि अनुकूलन कार्यक्रम	पहाडी क्षेत्रमा साना किसानहरुका निम्ति अनुकूलन	१५	१
अनुकूलन कोष (AF)	कर्णाली क्षेत्रमा खाद्यान्न उत्पादन तथा खाद्य सुरक्षाकालागि जलवायु प्रेरित खतराको अनुकूलन	९.५	२.३
विश्वव्यापी जलवायु परिवर्तन गठबन्धन (GCCA)	नेपालमा जलवायु प्रतिरोधी-निर्माण गर्ने	९.६	०.७
फरेष्ट कार्बन पार्टनर्सिप फ्यासिलिटी (FCPF)	तयारीको लागि अनुदान	३.८	३.२
जी.इ.एफ .४	काठमाडौंमा दिगो शहरी यातायात व्यवस्था गर्ने	२.८	२.८
जि.इ.एफ .५	ग्रामीण जीविकोपार्जनका लागि नवीकरणीय ऊर्जा	३	३
अतिकम विकसित मुलुकको कोष (LDCF)	वन विनाश भएको क्षेत्र तथा चरन क्षेत्रमा पर्यावरणीय प्रणालीको पुनस्थापन गर्ने उत्प्रेरक योजना	५.२	
	बाढी तथा हिमताल फुटेर हुने खतरासम्बन्धी कार्यक्रम	६.३	६.४
	जलवायु परिवर्तनको राष्ट्रिय अनुकूलन कार्य योजना तयारी सम्बन्धी कार्यक्रम	०.२	०.२
	जलवायु परिवर्तनको प्रभावलाई न्यून गर्ने तथा अनुकूलन क्षमता अभिवृद्धि गर्ने कार्यक्रम	२.७	२.७

जलवायु प्रतिरोधी नमुना कार्यक्रम (PPCR)	हिमाली जलाधार क्षेत्रको पर्यावरणीय प्रणालीमा जलवायु प्रतिरोधी जलाधार क्षेत्र तयार गर्ने	२४.०	३.५
	निजी क्षेत्रको सहभागितामा जलवायु प्रतिरोधी समुदाय निर्माण गर्ने	९	
	जलवायुसम्बन्धी खतरा प्रतिरोधी तयार गर्ने	३१	८.४
	खतरामा रहेका पूर्वाधारहरु सुधार गर्ने	१४	
	जलवायु परिवर्तनको खतरा व्यवस्थापनलाई मूल प्रवाहीकरण गर्ने	७.२	३.७
कम विकसित मुलुकहरूका लागि नवीकरणीय ऊर्जा (SREP)	गोबर ग्यास कार्यक्रमको विस्तार गर्ने	७.९	०.३
	दक्षिण एसिया उप-क्षेत्रीय आर्थिक सहयोग ऊर्जा प्रणालीको विकास गर्ने।	२०	
	दक्षिण एसिया उप-क्षेत्रीय आर्थिक सहयोग ऊर्जा प्रणाली विस्तार गर्ने	११	
	नविकरणीय ऊर्जाद्वारा ग्रामीण क्षेत्रमा विद्युतीकरण विस्तार गर्ने	६	०७
द्विपक्षीय आयोजनाहरु			
जर्मनी अन्तर्राष्ट्रिय जलवायु प्रयास	जलवायु परिवर्तनबाट अति प्रभावित जनसमुदायको जलवायु प्रतिरोधी क्षमता अभिवृद्धि गर्ने	०.३	
संयुक्त अधिराज्यको अन्तर्राष्ट्रिय जलवायु फण्ड	राष्ट्रिय वन कार्यक्रम	१.५	
	नेपाल जलवायु परिवर्तन सहयोग कार्यक्रम	४.७	
	नेपाल बहु-क्षेत्रीय वन परियोजना (हाल समाप्त भइसकेको)	२.७	

स्रोत: Climate Fund Update

२.२.३. नेपालमा जलवायु वित्तका लागि स्रोत र साधनको पहिचान

जलवायु परिवर्तनको जोखिमलाई सम्बोधन गर्न तीनवटा कुराहरू थाहा पाउनु जरुरी हुन्छ :

१) कहाँ, कस्तो प्रकारको जलवायुको प्रभावले कुन प्रकारले, कुन हदसम्म, को प्रभावित छ भन्ने जानकारी ।

२) अति प्रभावित समुदाय वा प्राकृतिक स्रोतलाई जलवायु अनुकूलन बनाउनका लागि योजना तर्जुमा तथा कार्यान्वयन प्रक्रिया लगायतका विषयमा गरिनुपर्ने कार्य ।

३) जलवायुसम्बन्धी जानकारी उपलब्ध गराउने, सम्भाव्य जोखिमको पहिचान तथा मूल्याङ्कन गर्ने तथा सम्भावित उपायबारे विभिन्न निकायहरूबीच समान अवधारणा बनाउन सघाउने जिम्मेवार निकायहरूको पहिचान ।

जलवायु परिवर्तनसम्बन्धी यी सबै कार्य एउटै मन्त्रालय वा निकायअन्तर्गत नपर्ने हुँदा यसका लागि धेरै किसिमका सीप, दक्षता, तथा क्षेत्राधिकार भएका भिन्न निकाय वा मन्त्रालयहरू (तालिका ४) बीच समन्वयात्मक प्रयास गरिनुपर्छ ।

जलवायु वित्तमा समेटिएका कार्यलाई सुदृढ गर्दै बजेट तर्जुमा तथा निर्माण प्रकृयामा जलवायु परिवर्तनसम्बन्धी विषयलाई मूलप्रवाहीकरण गर्ने कार्यमा सहयोग पुऱ्याउन नेपाल सरकार जलवायु परिवर्तनसम्बन्धी वित्तीय खाका (सीसीएफएफ) तथा अन्तरमन्त्रालय समन्वय समिति निर्माण गर्ने क्रममा छ । उक्त खाकाले सार्वजनिक वित्त व्यवस्थापन प्रणालीसम्बन्धी निम्न विषयहरूमा सुधारको आवश्यकता औल्याएको छ :

१) बजेट चक्रमा सुधार
२) अनुगमन, उत्तरदायित्व तथा
३) जलवायु वित्तको खर्चसम्बन्धी प्रतिवेदन

तालिका ५: जलवायु परिवर्तनसँग सम्बन्धित कार्यक्रम संचालन गर्ने निकायहरू

मन्त्रालयहरु	जलवायु परिवर्तनसम्बन्धी कार्यक्रमहरु
खानेपानी तथा सरसफाइ मन्त्रालय	खानेपानी अभाव क्षेत्रमा खानेपानी आपूर्ति बढाउन खानेपानी आयोजनाको निर्माण तथा मर्मत संभार
कृषि विकास मन्त्रालय	बाली उत्पादन, कीरा तथा रोग नियन्त्रण, बीउ उत्पादन, सहिष्णु जातको उत्पादनसम्बन्धी अनुसन्धान, कृषि प्रसार सेवा प्रदान
सिँचाइ मन्त्रालय	सिँचाइ आयोजनाको निर्माण तथा मर्मत संभार, जल उत्पन्न प्रकोप नियन्त्रण तथा रोकथाम
जनसङ्ख्या तथा वातावरण मन्त्रालय	जलवायु परिवर्तनसम्बन्धी नीतिगत समन्वय तथा अनुगमन, राष्ट्रिय अनुकूलन कार्यक्रमको तयारी, स्थानीय अनुकूलन कार्य योजनाहरुको समन्वय, न्यून कार्बन उत्सर्जन रणनीतिको तयारी, नवीकरणीय ऊर्जा, हावापानी तथा तापक्रमसम्बन्धी तथ्यांक, मौसम पूर्वानुमान, पूर्व सचेतना प्रदान गर्ने प्रविधि विकास
वन तथा भू-संरक्षण मन्त्रालय	वन, राष्ट्रिय निकुञ्ज तथा संरक्षित क्षेत्रको संरक्षण, जलाधार क्षेत्रको व्यवस्थापन तथा रेड (REDD+) को कार्यान्वयन
सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय	स्थानीय तहमा सिंचाइ, खानेपानी, नदी नियन्त्रण, वातावरण संरक्षण तथा पानीका मुहान संरक्षण कार्यमा मार्गदर्शन ।
भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय	सडक सुरक्षा तथा पहाडी सडकको दायाँबायाँ हुने भू-क्षय नियन्त्रण
ऊर्जा मन्त्रालय	परम्परागत ऊर्जाको स्रोतलाई प्रतिस्थापन गर्न जलविद्युत् परियोजनाको विकास तथा प्रवर्द्धन
शिक्षा मन्त्रालय	जलवायु परिवर्तनसम्बन्धी सचेतना तथा ज्ञान अभिवृद्धि गर्ने पाठ्यक्रमको विकास
उद्योग मन्त्रालय	उद्योगहरुबाट हुने हरित गृह ग्यासको उत्सर्जन कम गर्ने नीतिगत व्यवस्था
स्वास्थ्य मन्त्रालय	जलवायु परिवर्तनको कारणबाट उत्पन्न हुने स्वास्थ्यसम्बन्धी विषयहरुमा अनुसन्धान गर्ने, त्यस्ता रोगहरुको रोकथाम तथा नियन्त्रण गर्ने
अर्थ मन्त्रालय	जलवायु परिवर्तन सम्बन्धी कार्यक्रमका लागि वित्तीय व्यवस्था तथा समन्वय

२.२.४ जलवायु परिवर्तन वित्तीय खाकाअन्तर्गत भएका सुधार

जलवायु परिवर्तन वित्तीय खाकाले परिकल्पना गरेका केही सुधारका कार्यक्रमहरू क्रमशः लागू हुँदैछन् :

१) जलवायु परिवर्तनसम्बन्धी खर्चको लेखाजोखा गर्ने प्रणालीको विकासगर्ने कार्य सम्पन्न भई सकेकाले जलवायु परिवर्तनसम्बन्धी बजेट विनियोजन तथा खर्च दुवै जानकारी उपलब्ध हुन थालेका छन् । महालेखा नियन्त्रक कार्यालयको वार्षिक प्रतिवेदनमा जलवायु परिवर्तनसम्बन्धी खर्चको विवरण उपलब्ध छन् ।

२) बजेट तर्जुमा दिग्दर्शनमा जलवायु बजेट सङ्केत प्रयोग गर्ने मार्गदर्शन समाविष्ट गरी अद्यावधिक गरिएको छ । मार्गदर्शनले अन्य मन्त्रालयहरूले जलवायु परिवर्तनसम्बन्धी बजेट विनियोजनलाई पहिचानगरी ती कार्यक्रमको जलवायु परिवर्तनसँगको सान्दर्भिकताको स्तर प्रष्ट्याउन मद्दत गर्दछ ।

स्थानीय सरकारको गठनपछि राष्ट्रिय जलवायु वित्त प्रणालीमा अर्को तह थपिएको छ । सङ्घीय शासन प्रणालीमा कसरी सङ्घीय, प्रादेशिक तथा स्थानीय सरकारहरूले जलवायु वित्तसम्बन्धी योजना तर्जुमा तथा समन्वय गर्दछन् भन्ने कुरा स्पष्ट गर्नु आवश्यक छ। यसअघि स्थानीय स्तरको योजना तर्जुमा प्रक्रियामा जलवायु परिवर्तनको विषयले खासै प्राथमिकता पाउन नसकेको हालको परिप्रेक्ष्यमा जलवायु बजेट तथा खर्च पहिचान गर्ने वर्तमान प्रक्रियाले विभिन्न तहका सरकारहरूलाई अघि बढ्न सघाउ पुऱ्याउन प्रारम्भिक कार्यमा मद्दत हुनेछ।

२.२.५ जलवायु बजेट सङ्केत (Climate Budget Code)

१. जलवायु बजेट सङ्केत के हो ?

वार्षिक बजेटमा उल्लेखित विकास कार्यक्रहरूले जलवायु परिवर्तनका प्रभावलाई न्यूनीकरण वा त्यससँग अनुकूलन गर्ने सान्दर्भिकतालाई इङ्गित गर्न प्रयोग गरिएको सङ्केतलाई जलवायु परिवर्तन बजेट सङ्केत (जलवायु बजेट कोड) भनिएको छ। सार्वजनिक खर्च प्रणालीमा भएका जलवायु परिवर्तन अनुकूलन वा न्यूनीकरण गर्ने खालका कार्यक्रमहरूलाई इङ्गित गर्न प्रयोग गरिएको जलवायु बजेट सङ्केतले विकास कार्यक्रममध्ये जलवायु परिवर्तनसम्बन्धी कार्यक्रम तथा बजेट पहिचानगर्न मद्दत गर्दछ। जलवायु बजेट कोडले विकास कार्यक्रमलाई अति सान्दर्भिक, सान्दर्भिक वा असान्दर्भिकमध्ये के हो इङ्गित गर्छ।

२. जलवायु बजेट सङ्केत किन ?

विकास बजेटको उल्लेखनीय अंश जलवायु परिवर्तन न्यूनीकरण वा अनुकूलनलाई सहयोग गर्ने कार्यमा खर्च गरिएको हुन्छ। जलवायु परिवर्तनबाट प्रभावित क्षेत्र वा समुदायमा के कति यस्ता कार्य संचालन भएका छन् भन्ने यकिन गर्न र दिगो विकासको लागि सोहीबमोजिम योजना तर्जुमा गर्न अत्यावश्यक छ। तसर्थ, जलवायुसम्बन्धी बजेट पहिचान गर्न जलवायु बजेट सङ्केतको प्रयोग गरिएको हो । जलवायुसम्बन्धी कार्यक्रमहरूमा भएको खर्चको विवरणले जलवायु परिवर्तनको जोखिमले असुरक्षित हुन पुगेका समुदायलाई के कति मद्दत पुऱ्याएको छ भन्ने कुरा थाहा पाउन मद्दत गर्दछ, जसको आधारमा थप योजना तर्जुमा गर्न सघाउँछ।

३. जलवायु बजेट सङ्केत कसरी प्रयोग हुन्छ ?

राष्ट्रिय योजना आयोगले वार्षिक विकास कार्यक्रममध्ये जलवायु परिवर्तनसँग सम्बन्धित कार्यक्रम पहिचान गर्न ११ ओटा क्राइटेरिया (बक्स ३) को विकास गरेको छ। त्यसैको आधारमा तयार गरिएको निश्चित विधिबाट जलवायु बजेट सङ्केत प्रयोग गरिन्छ। बजेट वक्तव्यको अनुसूची १६ मा त्यस्ता कार्यक्रम तथा बजेटको विवरण उपलब्ध हुन्छ।

२०६९ मा गरिएको CPEIR अध्ययनले जलवायु क्षेत्रमा सरकारी बजेटभन्दा बाहिरबाट करिब १० करोड अमेरिकी डलर बराबरको रकम खर्च हुने गरेको देखाएको छ। यस्तो रकम कुल जलवायु

सम्बन्धी खर्चको करिब ५ प्रतिशत हुन आउँदछ र यो सरकारी प्रणालीमा आउँदैन । त्यसैगरी जिल्लास्तरको जलवायु खर्चको करिब एक तिहाइ खर्च राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरूमार्फत हुने र त्यस्तो अधिकांश बजेट सरकारको लेखा प्रणाली बाहिरबाट हुने गर्दछ ।

२.३. जलवायु वित्तमा संसदको भूमिका

नेपालको संविधान २०७२ बमोजिम मुलुक सङ्घीय शासन प्रणालीमा गएको हुँदा अब शासन सञ्चालनका सङ्घीय (केन्द्रीय) प्रादेशिक तथा स्थानीय तह हुने छन् । प्रत्येक तहको निश्चित भूमिका रहने छ, जसमध्ये केही निम्न बमोजिम छन् :

- आफ्नो तहको क्षेत्राधिकार भित्र ऐन निर्माण एवं पारित गर्ने (कानुन बनाउने)
- कार्यकारीले पेश गरेको वार्षिक बजेट कार्यक्रम पास गर्ने (बजेट पारित गर्ने)
- बजेटको खर्च तथा कानुनहरूको कार्यान्वयनको अनुगमन गर्ने (निगरानी)
- महत्वपूर्ण विषयमा भएका अन्तर्राष्ट्रिय सन्धि, सम्झौताहरूको अनुमोदन गर्ने (सङ्घीय संसद), र
- आफ्ना कामहरूमा जनताको भावना प्रतिबिम्बित गर्ने (प्रतिनिधित्व)

बक्स ३: निम्न ११ मध्ये कुनै एक वा एक भन्दा बढी क्राइटेरियासँग मिल्ने विकास कार्यक्रमलाई जलवायु परिवर्तन सान्दर्भिक कार्यक्रम भनिएको हो।

१. प्राकृतिक सम्पदाको दिगो व्यवस्थापन गर्ने तथा हरियाली अभिवृद्धि गर्ने कार्यक्रम ।
२. भू-उपयोग योजना तथा जलवायु परिवर्तनको असरलाई थेग्नसक्ने (Resilient) भौतिक पूर्वाधारको विकास कार्यक्रम
३. जलवायु परिवर्तनको कारणबाट मानव स्वास्थ्यमा देखापर्ने नकारात्मक प्रभावलाई रोकथाम तथा नियन्त्रण गर्ने कार्यक्रम ।
४. जलवायु परिवर्तनको कारणवाट खतरामा परेका जीव (Endangered Species) र जैविक विविधताको संरक्षण कार्यक्रम ।
५. हरित गृह ग्याँसको उत्सर्जन कम गर्ने गरी गरिएको फोहरमैला व्यवस्थापन गर्ने कार्यक्रम ।
६. ऊर्जा, सिँचाइ र स्वच्छ खानेपानीका लागि जलस्रोतको दिगो उपयोग गर्ने कार्यक्रम ।
७. खाद्य स्वच्छता (Safety) तथा सुरक्षा (Security) सँग सम्बन्धित कार्यक्रम ।
८. जलवायु परिवर्तनका कारण उत्पन्न विपद जोखिमलाई न्यून गर्ने कार्यक्रम ।
९. हरित गृह ग्याँसको उत्सर्जन कम गर्ने तथा न्यून–कार्बन उत्सर्जन गर्ने ऊर्जाको प्रयोग गर्नका लागि पुनर्नवीकरणीय एवं वैकल्पिक ऊर्जाको उत्पादन, प्रयोग तथा यससम्बन्धी प्रविधिको विकास गर्ने कार्यक्रम ।
१०. जलवायु परिवर्तनसँग सम्बन्धित सूचना, शिक्षा, सञ्चार, अनुसन्धान तथा विकास एवं तथ्याङ्क संकलन गर्ने कार्यक्रम ।
११. जलवायु परिवर्तन सम्बन्धमा आवश्यक नीति, कानून एवं कार्य योजना तयार गर्ने कार्यक्रम ।

१) केन्द्रीय तथा प्रादेशिक दायित्वहरू

राज्यको वार्षिक बजेटको माध्यमबाट राष्ट्रिय/अन्तर्राष्ट्रिय प्रतिवद्धताहरूको कार्यान्वयन हुन्छ । केन्द्रीय संसद तथा प्रदेशसभाद्वारा पारित भएका कानुनहरूको कार्यान्वयन गर्ने दायित्व तत् तत् सरकारको हो । वार्षिक बजेट तथा कार्यक्रम स्वीकृतिका लागि केन्द्रीय संसद तथा प्रदेशसभामा प्रस्तुत हुन्छन् । स्थानीय तहको बजेट तथा कार्यक्रम गाउँ/नगर सभामा प्रस्तुत हुन्छन् । विकास निर्माणका अन्य खर्च जस्तै जलवायु परिवर्तनको प्रभाव न्यूनीकरण गर्ने वा अनुकूलन गर्ने कार्यसँग सम्बन्धित रकमसमेत बजेटका विभिन्न शीर्षकहरूमा छरिएर वा कतिपय अवस्थामा मिसिएर रहेका हुन्छन् । तसर्थ, सङ्घीय संसद, प्रदेशसभा तथा गाउँ/नगर सभाले बजेटको पुनरावलोकन तथा अनुमोदन गर्दा जलवायु परिवर्तनसम्बन्धी खर्चको बारेमा समेत अनुगमन भएको हुन्छ ।

यसै सन्दर्भमा सरकारले प्रस्तुत गरेको वार्षिक बजेटमा जलवायु परिवर्तनको विषयलाई प्रभावकारी रूपमा केलाउँदै तथा अनुगमन गर्दै जलवायुसम्बन्धी कार्यक्रमसँग सम्बन्धित रकम ठीक ढङ्गबाट विनियोजन भएको छ र त्यस्तो रकम संसदको भावना अनुरूपको उद्देश्य प्राप्तिका लागि खर्च भएको छ भन्ने कुराको सुनिश्चितता गर्न संसदले कसरी प्रभावकारीरूपमा भूमिका निर्वाह गर्न सक्छ भन्ने विषयलाई समेट्ने प्रयास यो पुस्तिकाको हो ।

२) अन्तर्राष्ट्रिय दायित्वहरू

नेपालको संविधानले "प्राकृतिक सम्पदा तथा तिनीहरूको उपयोगको वितरण" सम्बन्धी अन्तर्राष्ट्रिय सन्धि सम्झौताहरू सङ्घीय संसदबाट अनुमोदन गर्नुपर्ने व्यवस्था गरेको छ (धारा २७९ (घ) । दिगो विकासका लक्ष्यहरू सेन्डाइ खाका तथा पेरिस सम्झौताजस्ता नेपालले प्रतिवद्धता जनाएका सम्झौताहरू पनि सङ्घीय संसदबाट अनुमोदित छन् । तसर्थ, नेपाल सरकारले अन्तर्राष्ट्रिय स्तरमा जनाएका प्रतिबद्धताहरूको कार्यान्वयन भए नभएको सम्बन्धमा अनुगमन गर्दा अन्य कुराका अतिरिक्त कसरी प्रतिवद्धताहरूलाई पूरा गर्न वित्तीय साधनहरूको विनियोजन भएको छ भन्ने विषय पनि केलाउनु जरुरी हुन्छ । नेपालले आफ्ना प्रतिवद्धताहरू पूरा गरेको छ वा छैन भन्ने सम्बन्धमा छानबिन गर्ने तथा त्यस्ता सन्धि, सम्झौता कार्यान्वयनका लागि पक्ष राष्ट्रले छुट्टै ऐन तर्जुमा गर्नुपर्ने वा भएको ऐन संशोधन गर्नुपर्ने हुन सक्दछ । त्यसका लागि सङ्घीय संसद वा प्रादेशिक सभाबाट सूक्ष्म विश्लेषण गरी पारित गर्नुपर्ने हुन्छ । सरकारले यस्ता विधेयकको मस्यौदा संसदमा कहिले प्रस्तुत गर्दछ भन्ने कार्यसूचीको बारेमा संसदमा पूर्ण जानकारी प्राप्त हुने कुराको सुनिश्चितता हुनुपर्दछ ।

२.३.१ जलवायु वित्तको सन्दर्भमा संसदीय समितिको भूमिका

संसदीय समितिहरू क्रियाशील संसदको केन्द्रबिन्दुमा रहेका हुन्छन् । संसदको कार्यक्षमता संसदीय समितिहरूमा नै निर्भर गर्दछ । समितिहरूले आफ्नो निर्णयलाई सघाउ पुऱ्याउन नागरिक समाज तथा समाजका अगुवाहरूको राय लिने, वा अन्य दक्ष व्यक्तिहरूबाट प्राविधिक पक्षको बारेमा जानकारी लिनुपर्ने हुन सक्छ । यसका लागि थप सूचना तथा सुझाव संकलनका साथै समितिको

अन्य कार्य संचालनका लागि थप स्रोत आवश्यक हुनुका साथै कार्यविधिमा फेरबदल पनि आवश्यक हुन सक्छ ।

जलवायु वित्त प्रणालीको प्रभावकारी कार्यान्वयनका लागि पनि संसदीय समितिहरूको मार्गदर्शन आवश्यक हुन्छ । यस कार्यमा सघाउ पुऱ्याउन तीन मुख्य पक्षहरू महत्वपूर्ण हुन्छन् ।

१) तथ्यांक सङ्कलन :

वार्षिक बजेट पुनरावलोकन गर्दा विषयगत समितिहरू - मुख्यतया अर्थ समिति र वातावरण संरक्षण समितिलगायत अन्य समितिहरूले विभिन्न मन्त्रालय एवं कर्मचारीहरूबाट तथ्य संकलन गर्न सक्दछन् तर त्यसबाहेक स्वतन्त्र विज्ञको राय सल्लाह पनि आवश्यक हुन सक्छ । त्यस्ता विज्ञहरू प्राज्ञिक, नागरिक समाज, अन्तर्राष्ट्रिय संस्थाहरू तथा सर्वसाधारण पनि हुन सक्दछन् (परिशिष्ट २ मा केही सहयोगी संस्थाहरूको सूची दिइएको छ) ।

२) सार्वजनिक परामर्श

निर्णय प्रक्रियामा सर्वसाधारणको राय सल्लाहको पनि निकै महत्व हुने भएकोले विनियोजन गरिएको रकम पर्याप्त छ/छैन र त्यो खर्च प्रभावकारीरुपमा भएको छ कि छैन भन्ने बारेमा थाहा पाउन सर्वसाधारणको संलग्नता अत्यन्तै भरपर्दो स्रोत हो । यसका लागि सीधै आम नागरिकहरूबीच परामर्श गरेर वा अनौपचारिक रूपमा सार्वजनिक मञ्चहरूबाट तथा औपचारिक सार्वजनिक सुनुवाइबाट वा आमसंचार तथा वेवसाइटमार्फत आमजनसमुदायबाट जानकारी लिन सकिन्छ । सर्वसाधारण जनताबाट आएको राय सल्लाह एवं तथ्यले समितिको निर्णय प्रक्रियालाई सघाउँछ ।

३) मन्त्रालयहरूसँग छलफल

नेपालमा जलवायु वित्त प्रणालीको प्रभावकारी कार्यान्वयनका लागि मुख्य विषयगत समितिहरू (अर्थ समिति तथा वातावरण संरक्षण समिति) र सम्बन्धित मन्त्रालयहरूकाबीच नियमित छलफल हुनु जरुरी छ । यस्तो नियमित छलफलले जलवायु वित्त प्रणालीको कार्यान्वयनमा कार्यकारीले के कस्ता चुनौतीहरूको सामना गर्नु परिरहेको छ भन्ने बारेमा समितिलाई पूर्ण जानकारी प्राप्त हुन्छ । यसका साथै संसदले सम्भव भएसम्म बढी सूचना प्राप्त गर्न सकोस् र सरकारले सामना गरिरहेका चुनौतीलाई सम्बोधन गर्न तथ्यमा आधारित सिफारिस गर्न सकोस् भनेर कुन पक्षमा ज्ञानको अभाव छ र कस्तो दक्षताको प्रयोग गर्नु पर्दछ भन्ने कुरा पनि यस्ता छलफलबाट थाहा पाउन सकिन्छ । नियमित संवादले समितिलाई निम्न कार्यमा सघाउने छ ।

क) नेपालमा जलवायु वित्त प्रणालीको प्रभावकारी संचालनमा के-कस्ता कमी-कमजोरी छन् भन्नेबारे जानकारी उपलब्ध गराउने,

ख) बजेट निर्माणको क्रममा हुने छलफलमा जलवायु वित्तलाई जोड दिने, र

ग) जलवायु परिवर्तनलाई सम्बोधन गर्ने सिलसिलामा रहेका चुनौतीको सामना गर्न तत्थ्यपरक सिफारिसका लागि चाहिने सूचनामा पहुँच बढाउने ।

२.३.२. व्यक्तिगत रूपमा माननीय सांसदज्यूहरूबाट हुनसक्ने कार्य

प्रभावकारी संसदको लागि संसदीय समितिहरूको भूमिका महत्वपूर्ण हुने भए तापनि माननीय सांसदज्यूहरूको व्यक्तिगत भूमिका त्यत्तिकै महत्वपूर्ण हुन्छ । निर्वाचन क्षेत्रमा हुने निरन्तरको सम्पर्क, नीति तथा कानुनी पक्षको पैरबी, तथा दलीय समूह र संसदीय समितिमार्फत जलवायु वित्तको प्रभावकारी लगानीबारे माननीय सांसदज्यूहरूबाट व्यक्तिगत रूपमा समेत निगरानी हुन सक्छ । जलवायु परिवर्तनका विषयलाई सम्बोधन गर्न आवश्यक जलवायु वित्तको सुनिश्चितताको लागि व्यक्तिगत रूपमा माननीय सांसदज्यूहरूबाट खासगरी निम्न विषयमा निगरानी हुन सक्छ ।

बक्स ४: सङ्घीय संसद, प्रदेश सभा, वा गाउँ/नगर सभाद्वारा यस हाते पुस्तिकको प्रयोग

नेपालको संविधान २०७२ ले परिकल्पना गरे बमोजिम सङ्घीय, प्रादेशिक, र स्थानीय गरी ३ तहको सरकारको स्थापना भएको छ । यी प्रत्येक तहको सरकारको निश्चित अधिकारका साथै जिम्मेवारी पनि तोकिएको छ, जस अनुसार हरेक तहमा आवश्यक ऐन कानुनका साथै वार्षिक बजेटको निर्माण हुन्छ । त्यसकारण जलवायु वित्त तथा जलवायु परिवर्तनको न्यूनीकरण र अनुकूलनलाई सम्बोधन गर्ने जिम्मेवारी पनि आ-आफ्नो तहमा सङ्घीय, प्रादेशिक, र स्थानीय सरकारको हो ।

प्रत्येक तहमा कानुन निर्माण गर्ने र वार्षिक बजेट पास गर्ने तथा यी दुवैको कार्यान्वयनको अनुगमन गर्ने संवैधानिक अधिकार सहितको निर्वाचित सभा अर्थात केन्द्रमा सङ्घीय संसद, प्रान्तमा प्रादेशिक सभा तथा स्थानीय तहमा गाउँ/नगर सभा छन् । यो हाते पुस्तिकामा उल्लेखित विषय र सामग्री सबै तहका निर्वाचित जनप्रतिनिधिहरूको प्रयोगका लागि उपयुक्त हुने अभिप्रायले तयार गरिएको छ ।

मुख्य कुरो सङ्घीय संसद, प्रादेशिक सभा तथा गाउँ/नगर सभाले जलवायु परिवर्तन र जलवायु वित्तको तत् तत् पक्ष तथा क्षेत्रमा मात्र केन्द्रित हुनु आवश्यक हुन्छ जसका लागि यी संस्थाहरु (केन्द्र, प्रान्त र स्थानीय तहमा) निर्वाचित भएका हुन्छन् । प्रत्येक तहको सरकारले आवधिक वा वार्षिक विकास योजनाको निर्माण गरेका हुन्छन् । सङ्घीय संसद, प्रादेशिक सभा तथा गाउँ/नगर सभा प्रत्येकले ति विकास योजनालाई आ-आफ्नो क्षेत्रभित्रको जलवायु परिवर्तनका चुनौती तथा तिनलाई सम्बोधन गर्ने स्रोतहरूको पहिचान गर्ने दस्तावेजको रूपमा लिनु आवश्यक हुन्छ ।

१) नागरिकहरूसँगको सम्पर्क: नागरिकहरूसँगको औपचारिक बैठक, दुईपक्षीय छलफल, तथा नागरिक समाजसँगको सम्पर्कबाट जलवायु परिवर्तनसम्बन्धी मुद्दाहरूमा उनीहरू के कस्तो राजनीतिक समाधान चाहन्छन् भन्ने कुराबारे जनताको गुनासो सुनिएको छ भन्ने सुनिश्चित गर्ने विषय ।

२) दलीय समूहमार्फत गरिने कार्य: प्रायः सबै माननीय सांसदज्यूहरू आ-आफ्नो राजनैतिक पार्टीसँग आबद्ध रहनु हुने भएकोले जलवायु परिवर्तनसम्बन्धी मुद्दा र जलवायु वित्तका बारे निश्चित विषयका सम्बन्धमा दलीय समूहमार्फत योगदान गर्न सक्नुहुन्छ । प्रत्येक माननीय सांसदज्यूले प्राप्त गर्नु भएको जानकारी वा गुनासोलाई दलीय समूहमार्फत एकीकृत गर्दै विधेयकको मस्यौदा उपर छलफल गर्दा वा अन्य तरिकाले नीति वा कानुनलाई निर्माणको तहमा पुऱ्याउन सक्नुहुन्छ ।

३) प्रश्नोत्तर समयमा विषय उठान: प्रश्नोत्तर समयमा नेपालमा भएका जलवायु परिवर्तनसम्बन्धी मुद्दा र जलवायु वित्तकाबारेमा प्रश्नको क्रमलाई निरन्तरता दिन सक्नुहुन्छ ।

४) अनुसन्धान: माननीय सांसदज्यूहरूको लागि जलवायु परिवर्तनका सम्बन्धमा भएका अध्यावधिक क्रियाकलापबारे जानकारी राख्नु आवश्यक हुन्छ । नेपालले भोग्दै गरेको वा भविष्यमा भोग्नु पर्ने जलवायु परिवर्तनका विषय तथा तिनका समाधानमा माननीय सांसदज्यूहरूको भूमिकालाई चुस्त राख्ने सन्दर्भमा यो हाते पुस्तिकाले जलवायु परिवर्तनबारे थप अनुसन्धान गर्दै नवीन जानकारी उपलब्ध तथा आदान प्रदान गर्ने गराउने कार्यमा प्रारम्भिक सन्दर्भ सामग्रीको रूपमा मद्दत गर्नेछ ।

५) विषयगत समिति: यस अघि नै उल्लेख गरियो कि विषयगत समितिहरू संसदको महत्वपूर्ण अंग हुन् । तसर्थ, जलवायु परिवर्तनले पार्ने प्रतिकूल प्रभावबारे आफूले प्रतिनिधित्व गर्ने नागरिकहरूका चासोका विषयको पैरवी गर्न माननीय सांसदज्यूहरूको लागि विषयगत समितिहरू अत्यन्त महत्वपूर्ण स्थान पनि हो ।

खण्ड - ३

संसद र बजेट चक्र

३.१ बजेट चक्र

बजेट चक्र एउटा वार्षिक प्रक्रिया हो जसबाट राज्यको बजेट तयार गरी लागू गरिन्छ र यसको अनुगमन गरिन्छ। विशेषतः बजेट चक्रका चार चरण हुन्छन् :

बजेट तर्जुमा : राज्यको वार्षिक आय-व्यय संसदमा स्वीकृतिका लागि पेश गर्नु पूर्व कार्यकारीले आगामी आर्थिक वर्षमा योजनाबद्ध रूपमा गर्नुपर्ने खर्च तथा विभिन्न श्रोतबाट प्राप्त गर्नसक्ने आय-व्ययको विवरण तयार गर्दछ।

बजेट स्वीकृति : आय-व्ययको विवरण तयार भएपछि कार्यकारीद्वारा अनुमोदनका लागि संसदमा प्रस्तुत हुन्छ। संसदले बजेटका प्रत्येक पक्षलाई सूक्ष्मरूपमा केलाई आवश्यक फेरबदल सहित पारित गर्दछ।

बजेट कार्यान्वयन : संसदबाट पारित भएको बजेट कार्यकारीद्वारा कार्यान्वयन हुन्छ। संसदले निर्देशित गरेबमोजिम बजेट विनियोजन भएको छ वा छैन भन्ने विषय कार्यान्वयन चरणमा महत्वपूर्ण हुन्छ।

अनुगमन : आर्थिक वर्षको अन्त्यमा कार्यकारीले वार्षिक बजेटमध्ये के कति खर्च भयो र के-कस्ता उपलब्धि हासिल भयो भन्ने विवरण तयार गर्दछ। महालेखा परीक्षकबाट उक्त विवरणको लेखा परीक्षण भई प्रतिवेदन तयार हुन्छ। महालेखा परीक्षकबाट आफ्नो प्रतिवेदन महामहिम राष्ट्रपतिज्यूकोमा पेश हुन्छ। प्रतिवेदनमा उल्लेखित अनियमितताबारे निर्णयका लागि महामहिम राष्ट्रपतिज्यूबाट उक्त प्रतिवेदन संसदमा पठाइन्छ।

बजेट तर्जुमा, अनुमोदन, कार्यान्वयन र अनुगमनको सन्दर्भमा क्षेत्राधिकार फरक हुने भए पनि बजेट प्रक्रियामा व्यवस्थापिकाको प्रभावकारी संलग्नतलाई असर गर्ने पाँचवटा मुख्य संस्थागत विशेषताहरूमा बजेट प्रक्रियाको प्रभावकारिता निर्भर गर्दछ। यसमा बजेट अनुमोदन गर्ने कानुनी प्रक्रिया तथा बजेट चक्रको अवधिभरमा संसदको संलग्नताजस्ता विषयहरू पर्दछन्। तालिका ६ ले बजेट प्रभावकारी बनाउने तत्वहरू तथा नेपालको सन्दर्भमा तिनीहरूको प्रयोगको बारेमा केही प्रष्ट पार्दछ।

तालिका ६: **बजेट चक्रको प्रक्रियामा संसद**

बजेट प्रभावकारी बनाउने तत्वहरु	नेपालको सन्दर्भ
१) बजेट तर्जुमामा संसदको संलग्नता	बजेट तर्जुमामा संसदको कुनै औपचारिक भूमिका हुँदैन । बजेट पुस्तिकालाई अन्तिम रूप दिनुपूर्व केही समितिहरूले सम्बन्धित मन्त्रालयलाई सुझाव दिन सक्दछन् ।
२) बजेट स्वीकृतिका लागि प्रस्तुत भएपछि कति समयसम्म संसदले पुनरावलोकनका लागि समय लिन सक्दछ ।	एक महिना (हरेक वर्षको जेठ १५ मा पेश भएपछि)
३) बजेट चक्रमा सारभूत सुझाव दिन संसदको साधन स्रोतको अवस्था ।	समितिको सचिवालय तथा पदाधिकारीज्यूहरूमा अनुसन्धान क्षमताको सीमितता ।
४) संसदभित्र बजेटसम्बन्धी विज्ञताको तह ।	संसदमा छुट्टै बजेट कार्यालय छैन र सीमित अनुसन्धान क्षमता ।
५) वार्षिक बजेट स्वीकृत तथा अनुगमन गर्ने आफ्नो प्रयासलाई समन्वय गर्ने संसदीय समितिको क्षमता ।	बजेट कार्यान्वयन तथा अनुगमनका चरणमा समितिहरूबीच सीमित समन्वय हुने गर्दछ ।

बजेटलाई पारदर्शी र उत्तरदायीपूर्ण बनाउन बजेट चक्रको कुनै पनि चरणमा संसदीय सुनुवाइ हुन सक्छ । उठाइने प्रश्न र छलफल गरिने विषय बजेट चक्रको चरण अनुसार फरक हुन सक्दछन् । जलवायु वित्तलाई प्रभावकारी बनाउन संसद र संसदीय समितिहरूले सुनुवाइका विषय वा हरेक समितिले गर्ने जाँच पड्तालका विषय समेटी योजनाबद्ध तरिकाले सूची तयार गरी आवश्यक श्रोतको पहिचान गर्न सक्दछ ।

३.२ बजेट तर्जुमा

१) कार्यकारीको भूमिका

संसदमा बजेट प्रस्तुत हुनुभन्दा झण्डै ८ महिना पहिले बजेट निर्माणको प्रकृया शुरु हुन्छ । धेरैजसो कार्य सरकारको कार्यकारी अंगबाट खासगरी बजेटको मस्यौदा तयार गर्ने कार्य अर्थ मन्त्रालयबाट हुन्छ । मस्यौदा तयार गर्नुपूर्व राष्ट्रिय योजना आयोग तथा अर्थ मन्त्रालयले दिएको निर्देशन र मार्गदर्शनका आधारमा अन्य मन्त्रालयहरूबाट मातहतका विभागबाट प्राप्त प्रस्तावित कार्यक्रमको आधारमा कार्यक्रम बजेट तयार गरी स्वीकृतार्थ पुनः राष्ट्रिय योजना आयोग तथा अर्थ मन्त्रालयमा पेश हुन्छ । बजेट मस्यौदालाई अन्तिमरूप दिनुपूर्व सरकारले नागरिक समाज तथा आमनागरिकबाट रायसल्लाह लिने प्रक्रिया पनि सुरु भएको छ । बजेट निर्माणमा विषयगत मन्त्रालयहरूको भूमिका महत्वपूर्ण हुन्छ ।

प्रादेशिक र स्थानीय सरकारले केन्द्रबाट प्राप्त अनुदानका साथै आफ्नो आन्तरिक स्रोतसमेत परिचालन गरी विकास योजनाको निर्माण तथा कार्यान्वयन गर्दछन् । आ.व. २०७४/७५ देखि यस अघि जिल्लास्थित कार्यालयहरूबाट कार्यान्वयव हुँदै आएको कार्यक्रमको जिम्मा स्थानीय

सरकारलाई दिइसकिएको छ । राष्ट्रिय कार्यक्रमहरू मन्त्रालयबाट कार्यान्वयन हुनेछन् । जलवायु परिवर्तनसम्बन्धी कार्यलाई स्थानीय योजनामा समावेश गर्ने जिम्मेवारी पनि अब स्थानीय सरकारमै आएको छ ।

राष्ट्रिय स्तरमा बजेट तर्जुमा प्रक्रिया साविक कै जस्तै देखिए पनि मुख्य भिन्नता भनेको विकास निर्माणका बजेटलाई स्थानीय सरकारमा अनुदानका रूपमा पठाउनुले अब राष्ट्रिय लक्ष्य प्राप्तिको लागि कार्यान्वयन गर्ने कार्य समेतमा प्रादेशिक र स्थानीय सरकारको भूमिका महत्वपूर्ण हुने भएको छ ।

सङ्घीय ढाँचाबमोजिम खानेपानी तथा सरसफाइ, कृषि, स्वास्थ्य, शिक्षा, यातायात, प्रकोप व्यवस्थापन, वातावरण संरक्षण, जस्ता कार्यको योजना तर्जुमा, स्वीकृति, र कार्यान्वयन गर्ने अधिकार स्थानीय सरकारलाई दिइएको छ । त्यस्तै एकभन्दा बढी स्थानीय सरकारको क्षेत्र ओगट्ने कार्यक्रमको अधिकार प्रदेश सरकारलाई छ भने, अन्तर प्रादेशिक कार्यक्रम संङ्घीय सरकारबाट कार्यान्वयन हुनेछन् । यो विषय जलवायु परिवर्तनको सन्दर्भमा अझै महत्वपूर्ण छ किनभने जलवायु परिवर्तनले स्थानीयदेखि राष्ट्रिय स्तरसम्मै प्रभाव पार्दछ र सीर्जित समस्याको सम्बोधन पनि सोहीबमोजिम गर्नु आवश्यक हुन्छ । स्रोतको प्रयोग कुनै सन्दर्भमा स्थानीय तहमा बढी प्रभावकारी हुन सक्छ भने कुनै प्रदेशमा वा संङ्घीय तहमा ।

बक्स ६: अर्थ समितिबाट भएको पूर्व-बजेट सार्वजनिक छलफल (२०७२ र २०७३)

नेशनल डेमोक्रेटिक इन्स्टिच्युट फर इन्टरनेसनल एफेयर्स (एन.डी.आई) को सहयोगमा व्यवस्थापिका संसदको अर्थ समितिले २०७२ र २०७३ मा वार्षिक बजेट संसदमा पेश हुनु पूर्व बजेटसम्बन्धी विषयमा सार्वजनिक छलफल गरेको थियो । २०७३ मा भएको छलफलका लागि २०७२ को महाभूकम्पबाट प्रभावित ६ जिल्ला छानिएका थिए र छलफल सोही जिल्लाको समस्यामा केन्द्रित थियो ।

२०७२ मा भएको सार्वजनिक छलफल संसदले नेपालको संविधानलाई अन्तिम रूप दिनु अघि भएको थियो । उक्त सार्वजनिक छलफलको दौरान अन्य विषयको साथै वार्षिक बजेट संसदमा पेश हुने मिति पहिलेको जस्तो असारको अन्तिममा नगरेर त्यसभन्दा अगाडि कुनै निश्चित मितिमा गर्न आवश्यक भइसकेको कुरा पनि उठेको र त्यस विषयमा अर्थ समितिको ठम्याई पनि सोही अनुरूप रहेयो । सार्वजनिक छलफलका दौरान संकलन गरेको सूचना र तत्थ्यको आधारमा बजेट पेश गर्ने मिति अगाडि हुनु पर्ने विषयमा समितिले पैरबी गरेपछि संविधानमै बजेट पेश गर्ने मिति जेठ १५ भनी किटानी साथ उल्लेख गरियो ।

२) संसदको भूमिका

संसदका विषयगत समितिहरूमा सम्बन्धित मन्त्रालयहरूसँग पूर्व-बजेट छलफल पनि हुने गरेको छ । २०७२ तथा २०७३ मा संसदको अर्थ समितिका माननीय सदस्यज्यूहरूबाट आगामी आर्थिक वर्षको बजेटमा जनताका भावना तथा अपेक्षाहरू बुझ्न काठमाडौं उपत्यका बाहिर अन्तरक्रिया भएका थिए । तर, ती अन्तरक्रिया नियमित रूपमा भन्दा पनि खास कार्यक्रम -विशेषरुपमा भएका थिए । यस्ता परामर्श कार्यक्रमहरूले वार्षिक बजेटको मस्यौदालाई प्रभावकारी रूपमा पुनरावलोकन गर्ने कार्यमा माननीय सदस्यज्यूहरूलाई महत्वपूर्ण जानकारी प्राप्त हुन्छ ।

समितिहरूले प्रत्येक वर्षको जेठ महिनामा सम्बन्धित मन्त्रालयहरूसँग छलफल गरी आगामी आर्थिक वर्षको बजेटका प्राथमिकताहरूको बारेमा आफ्नो सुझाव पनि दिने गर्दछन् । यो चरण जनताको अपेक्षाबमोजिम बजेट तर्जुमा होस् भन्नका लागि समितिहरूले प्रश्नहरू उठाउने राम्रो अवसर हुन सक्छ । मन्त्रालयहरूका लागि पनि समितिको जिज्ञाशालाई समेट्दै कार्यक्रम बजेट मस्यौदा तयार गर्ने अवसर हुन सक्छ । खासगरी समितिहरूबाट हुने गरेको सार्वजनिक अन्तरक्रिया र त्यसबाट आएका सुझावहरू नेपाल सरकारलाई दिने कार्यले यसमा सघाउँदै आएको छ । यस प्रक्रियाबाट बजेटका बारेमा सर्वसाधारण जनता के अपेक्षा राख्छन् भन्नेबारे सबै माननीय सदस्यज्यूहरूलाई जानकारी दिन मद्दत पुगेको छ । साथै मन्त्रालयहरूबाट हुने अन्तरक्रियामा, जसमा सँगठित समूहहरूको बढी सहभागिता रहन्छ, छुटेका विषयलाई समेट्ने अवसर पनि मिल्दछ । २०७२ मा संविधान जारी हुनुपुर्व आयोजित अन्तरक्रियाकै दौरान अर्थ समितिले बजेट पेश हुने मिति कुनै निश्चित दिनमा गर्नुपर्ने आवश्यकता औल्याएको थियो । यसबाट जेठ १५ मा बजेट पेश गर्ने प्रावधान संविधानमै समावेश गर्न मद्दत पुग्यो । जलवायु परिवर्तनको सन्दर्भमा समितिबाट हुने परामर्शहरू अझ बढी आवश्यक हुन गएको छ ।

तालिका ७ : बजेट चक्रका विभिन्न चरणमा संसदको संलग्नता

महिना	बजेट चक्रको चरण	समितिको मार्गदर्शन
पुस	राष्ट्रिय योजना आयोग/अर्थ मन्त्रालयबाट निर्देशिका र बजेट सिलिङ्ग पठाउने	
फागुन	मन्त्रालयहरुबाट मस्यौदा कार्यक्रम बजेट निर्माण	प्रदेश स्तरमा सरोकारवालासँग पूर्व- बजेट छलफल र सरकारलाई मार्ग दर्शन
चैत-वैशाख	रा.यो.आ. मा बजेट छलफल	मन्त्रालयहरुसँग छलफल र मार्गदर्शन
वैशाख	अर्थ मन्त्रालयमा बजेट छलफल	
जेठ	संसदमा बजेट प्रस्तुत	
जेठ-असार	संसदमा बजेट छलफल	मन्त्रालयगत बजेट छलफल

प्रदेश र स्थानीय सरकारहरूले केन्द्रीय अनुदान र स्थानीय स्रोतबाट आ-आफ्नो बजेट निर्माण गर्ने हुँदा अब केन्द्र, प्रदेश र स्थानीय गरी ३ अलग-अलग बजेट चक्र कायम हुनेछन् । संसदले प्रदेश र स्थानीय तहमा जाने एकमुष्ठ अनुदान मात्र स्वीकृत गर्नेछ । प्रदेश र स्थानीय सरकारहरूले आफ्नो विकास योजना तर्जुमा र कार्यान्वयन गर्नेछन् । तसर्थ तालिका ७ मा उल्लेखित संसदको संलग्नता प्रदेश र स्थानीय तहमा सोही अनुरुप प्रदेश सभा र गाउँ/नगर सभाको हुनेछ ।

समितिका लागि मननयोग्य केही प्रक्रियागत विषयहरू

सामान्य :

- पूर्व-बजेट अन्तरक्रिया गर्न समितिको लागि के कस्ता स्रोतको आवश्यकता हुन्छ र ती के कति उपलब्ध छन् ?
- पूर्व-बजेट अन्तरक्रिया गर्नमा आइपर्ने नीतिगत वा अन्य के-कस्ता बाधा अड्चन छन् ?

मन्त्रालय विभागसँगको संवाद

- सम्बन्धित मन्त्रालयसँग तिनका बजेट प्राथमिकताबारे जानकारी लिन समितिको छलफल भएको छ कि छैन ?
- पूर्व-बजेट अन्तरक्रिया भएको छ भने त्यसको निर्णय मन्त्रालयलाई दिइएको छ कि छैन?

सार्वजनिक संवाद

- संसदमा बजेट पेश हुनुपूर्व सर्वसाधारणसँग अन्तरक्रिया संवाद गर्ने के योजना छ?
- अन्तरक्रियाको दौरान सिमान्तकृत समूहको चासो पनि सुनिएको छ भनेर समितिले कसरी सुनिश्चित गर्ने गरेको छ ?
- सर्वसाधारणसँग छलफलका लागि के कस्ता प्रक्रिया अपनाइएको छ ?
- आफ्नो निर्णयमा सर्वसाधारणले दिएका सुझाव यसरी समावेश गरिएका थिए भनेर समितिले कसरी रिपोर्ट गर्दछ ?
- बजेट तर्जुमाका बेला हुने छलफलमा सर्वसाधारणले दिएका सुझावले कसरी प्रवेश पाउँछन् ?

सूचना संकलन

- मन्त्रालयबाट पेश भएको तथ्यलाई पुष्टि गर्न समितिले अपनाउने सन्दर्भ के हुन सक्छन् ?
- मन्त्रालयले बजेट मस्यौदा तयार गर्नुअघि तिनलाई मार्गदर्शन गर्न आवश्यक रहेको क्षेत्रमा समितिले संकलन गर्न आवश्यक ठानेको कुनै खास सूचना छन् ?
- बाहिरी वा स्वतन्त्र स्रोतबाट प्राप्त हुन सक्ने के कस्ता जानकारी होलान् जुन समितिको लागि महत्वपूर्ण हुन सक्छ ?

बजेट निर्माणको चरणमा माननीय सदस्यज्यूहरूबाट जिज्ञाशा राखिने सम्भावित विषयहरू:

१) सामान्य: दिगो विकास तथा जलवायु परिवर्तनसम्बन्धी सरकारको प्राथमिकताहरू

केन्द्रीय मन्त्रालयका लागि

- जलवायु परिवर्तनको प्रभावलाई सम्बोधन गर्न विषयगत मन्त्रालयहरूले कसरी एक अर्काको परिपूरक हुने गरी कार्यक्रम प्रस्ताव गरेका छन् ?
- जलवायु अनुकूलनका सम्बन्धमा आगामी आर्थिक वर्षको बजेटमा सरकारका प्राथमिकताहरू के कस्ता रहेका छन् ?

- जलवायु न्यूनीकरण तथा एनडीसीमा व्यक्त राष्ट्रिय प्रतिबद्धता पूरा गर्ने सम्बन्धमा आगामी आर्थिक वर्षको बजेटमा सरकारका प्राथमिकताहरू के-कस्ता रहेका छन् ?
- केन्द्रीय सरकारले प्रादेशिक र स्थानीय बजेटहरू राष्ट्रिय बजेटसँग मेलखाने किसिमले तयार भएका छन् भनी यकिन गर्ने आधार के छन् ?

विषयगत मन्त्रालयहरूका लागि

- जलवायु परिवर्तनको प्रभावलाई सम्बोधन गर्न सम्बन्धित मन्त्रालयहरूले के-कस्ता कार्यक्रमहरू प्रस्ताव गरेका छन् ?
- दिगो विकास लक्ष्यहरूमध्ये लक्ष्य १३ को प्राप्तिका लागि प्रस्तावित वार्षिक योजनाले के-कस्ता रणनीतिक पहल सुरु गरेको छ ?

स्थानीय सरकारका लागि

- जलवायु अनुकूलन सम्बन्धमा आगामी आ.व. को बजेटमा स्थानीय सरकारका प्राथमिकता के कस्ता रहेका छन् ?

२. संस्थागत संरचनाका सम्बन्धमा

केन्द्रीय मन्त्रालयका लागि

- जलवायु परिवर्तन सम्बन्धी प्रतिबद्धताहरू तथा अभिप्राय (उद्देश्य, लक्ष्य तथा अपेक्षित परिणाम) अनुरुपका कार्यलाई कार्यक्रममा रुपान्तरण गरी तिनको उपलब्धिको अनुगमन मुल्यांकन गर्न संङ्घीय तथा प्रान्तीय तहमा भएका संस्थागत संरचनाहरू पर्याप्त छन् ?
- जलवायु सम्बन्धी कार्यक्रम तथा बजेट निमार्णका विषयबारे स्थानीयदेखि केन्द्रसम्मका तहहरूमध्ये कुन कुन तहमा निर्णय हुन्छ र विषयगत मन्त्रालयले कसरी निर्णयमा सहयोग गर्छन् ?
- के स्थानीयदेखि केन्द्रसम्मका सरकारी कार्यक्रमहरूमा जलवायु वित्त प्रणाली पूर्णरूपमा समावेश भएको छ ? नभएको भए के-कस्ता बाधा अड्चनले हुन नसकेको हो ?
- प्रादेशिक र स्थानीय बजेटहरू राष्ट्रिय योजनासँग मेल खाने छन भनी सरकारले कसरी सुनिश्चित गर्ने गरेको छ ?

स्थानीय सरकारका लागि

- योजना तर्जुमा गर्नु पूर्व हाल अनुभव गरिएको तथा भविष्यमा हुनसक्ने जलवायु परिवर्तनको प्रभावलाई सम्बोधन गर्ने बारेमा योजना निर्मातालाई कुन संस्थाले जानकारी दिन्छ ?

विषयगत मन्त्रालयलाई

- योजना तर्जुमा गर्नु पूर्व हाल अनुभव गरिएको तथा भविष्यमा हुनसक्ने जलवायु परिवर्तनको प्रभावलाई योजनामा सम्बोधन गर्ने बारेमा कुन संस्थाले जानकारी दिन्छ ?

बक्स ७: योजना तर्जुमा तथा समन्वयको आवश्यकता

यस हाते पुस्तिकाको यस पछिका अंश बजेट चक्रको विभिन्न चरणमा विषयगत समितिहरूले खेल्नुपर्ने खास भूमिकाका बारेमा केन्द्रित छ । तर विषयगत समितिहरूले कुनै कार्य गर्नु पुर्व जलवायु वित्तको सिलसिलामा समितिहरु बीच हुनुपर्ने समन्वय तथा प्रत्येक समितिले गर्नुपर्ने कार्यकोबारे जानकारी हुनु आवश्यक छ । किनकी प्रत्येक विषयगत समितिको आफ्नै कार्य क्षेत्र तथा विज्ञता हुने भएकोले ति समितिहरूमा जलवायु वित्तबारे गरिने छलफल तथा अनुगमन कार्यमा तत् तत् क्षेत्रको विषय र विज्ञताको दृष्टिले समेत हेर्नु आवश्यक हुन्छ ।

जलवायु वित्त : वार्षिक बजेटको पुनरावलोकन तथा स्वीकृत गर्ने प्रमुख जिम्मेवारी अर्थ समितिको भएकोले जलवायु परिवर्तनको न्यूनीकरण तथा अनुकूलनसँग सम्बन्धित सम्पूर्ण वित्तीय विषयमाथिको छलफल तथा निर्णयका सम्बन्धमा अर्थ समितिले नेतृत्व गर्नु वान्छनीय हुन्छ ।

जलवायु परिवर्तन : जलवायु परिवर्तनसम्बन्धी नीतिगत तथा कानुनी व्यवस्थाहरूको अनुमोदन तथा पुनरावलोकन गर्ने प्रमुख जिम्मेवारी संसदको वातावरण संरक्षण समितिको भएकोले जलवायु परिवर्तनसम्बन्धी नीतिगत तथा कानुनी विषयबारे छलफल तथा निर्णयका सम्बन्धमा वातावरण संरक्षण समितिले नेतृत्व गर्नु वान्छनीय हुन्छ ।

योजना तर्जुमा तथा समन्वय : जलवायु वित्तका दुई प्रमुख पक्ष छन् - बजेटको विनियोजन (वित्त) तथा जलवायु परिवर्तनका चुनौतीहरु (जलवायु प्रभाव) को सम्बोधन । तसर्थ, जलवायु परिवर्तनका विषयको प्रभावकारी सम्बोधनका लागि अर्थ समिति र वातावरण संरक्षण समितिले निम्नबमोजिम समन्वयात्मक तरिकाले कार्य गर्नुपर्ने हुन्छ ।

- दुवै समितिका बीच संयुक्त वार्षिक कार्ययोजना
- दुवै समितिको नियमित संयुक्त बैठक
- समितिका सचिवहरूका बीच निरन्तर संवाद
- बजेट चक्रको सबै चरणमा गरिने सोधपुछका लागि छनोट गरिने विषयबारे मत्यैकता
- जलवायु वित्तका सम्बन्धमा समितिको आ-आफ्नो भूमिकाकोबारे समझदारी पत्र

सरल शब्दमा भन्ने हो भने बजेट तर्जुमा र स्वीकृतको चरणमा अर्थ समितिले अगुवाई गर्ने छ भने बजेट चक्रको अन्तिम दुई चरण, कार्यान्वयन र अनुगमनमा वातावरण संरक्षण समितिले नेतृत्व प्रदान गर्नेछ । महत्वपूर्ण पक्ष के हो भने आगामी वर्षहरूमा दुवै समितिले संयुक्त रूपमा गर्ने कार्यमा कुनै विमती र चुनौती नरहोस् भन्ने सुनिश्चित गर्न केही औपचारिक नियम र जिम्मेवारीकाबारे समितिहरूबीच मन्जुरी हुनु जरूरी हुन्छ ।

अन्य समितिहरु : यो स्पष्ट छ कि जलवायु परिवर्तन र जलवायु वित्तको विषय अर्थ समिति र वातावरण संरक्षण समितिको कार्यमा मात्र सीमित हुँदैन । प्रभावकारी जलवायु वित्त प्रणालीको सुनिश्चितताका लागि संसदको अन्य समितिहरूको सहयोग र सहभागिताको पनि उत्तिकै आवश्यकता हुन्छ । जब अर्थ समिति र वातावरण संरक्षण समितिले योजना तर्जुमा र समन्वयका कार्य नियमित रूपमा गर्न प्रारम्भ गर्छन्, तब अन्य समितिहरूको भूमिकाको पनि पहिचान गरी आवश्यकताअनुसार नियमित रूपमा सम्बन्धित समितिलाई योजना तर्जुमा र समन्वयमा सहभागि गराउँदै लानु अत्यन्त जरूरी हुन्छ ।

३. समावेशिताका निम्ति गरिने परामर्श प्रकिया

- स्थानीय समुदायको अनुकूलन क्षमता अभिवृद्धि गर्ने सन्दर्भमा स्थानीय सरकारलाई सहयोग पुऱ्याउन नेपाल सरकारबाट भएको प्रयासबारे के-कस्ता सूचना उपलब्ध छन् ?
- कार्बन प्रशोचन (Sequestration) लगायत जलवायु परिवर्तनको प्रभाव न्यून गर्न के-कस्ता तरिकाहरू सुरु गरिएका छन् ?
- प्रान्तीय र स्थानीय सरकारलाई जलवायु परिवर्तनको प्रभाव अनुकूलन /न्यूनीकरण गर्ने विषयमा सहयोग गर्न संङ्घीय सरकारले के-कस्ता संरचनाको विकास गरेको छ ?
- प्रमुख आर्थिक क्षेत्रहरूका विकास योजना तथा बजेटमा जलवायु परिवर्तनको विषय कसरी समावेश गर्ने गरिएको छ ?
- अन्तर प्रादेशिक वा अन्तर स्थानीय सरकारको क्षेत्रमा जलवायु कार्यक्रम सहजीकरण गर्ने सन्दर्भमा प्रान्त तथा स्थानीय सरकारलाई सहयोग गर्न के व्यवस्था गरिएको छ ?
- आवश्यकता अनुरुपको जलवायु परिवर्तनसम्बन्धी कार्यमा लगानी गर्ने वातावरण सिर्जना गर्न के-कस्ता प्रणालीगत सुधार आवश्यक हुन सक्छ ?

स्थानीय सरकारको लागि

- सरकारले बजेट तर्जुमा प्रक्रियामा सीमान्तकृत समुदायको सहभागिता कसरी सुनिश्चित गरेको छ ?
- पानीको अभाव, सुख्खा, बाढी, पहिरो, बाली बिरुवामा लाग्ने रोग, कीरा तथा बाली प्रणालीको परिवर्तन जस्ता जलवायु परिवर्तनका प्रभावहरू कुन भौगोलिक तथा पर्यावरणीय (Ecological) क्षेत्रमा बढी देखा परेको छ ?
- एकभन्दा बढी स्थानीय सरकारको क्षेत्रमा जलवायु कार्यक्रम सहजीकरण गर्ने सन्दर्भमा प्रान्त तथा स्थानीय सरकारलाई सहयोग गर्न के व्यवस्था गरिएको छ ?
- आवश्यकता अनुरूपको जलवायु परिवर्तनसम्बन्धी कार्यमा लगानी गर्ने वातावरण सिर्जना गर्न के-कस्ता प्रणालीगत सुधार आवश्यक हुन सक्छ ?

विषयगत मन्त्रालयका लागि

- आगामी आर्थिक वर्षका लागि जलवायु परिवर्तनसम्बन्धी कार्यक्रम तथा परियोजनाहरूमा नागरिकहरूका प्राथमिकताहरू के-के छन् ?
- जलवायु परिवर्तनको प्रभावले खास क्षेत्रमा खास बाली बिरुवाहरूमा हुनसक्ने सम्भावित हानीनोक्सानीहरू (असिना/बाढीले वाली नोक्सान गर्ने, सुख्खा खडेरीको प्रभाव, कीरा फट्यांग्राबाट हुने नोक्सानी, विभिन्न रोगहरू इत्यादि ।) के-के हुन् ?
- कार्बन प्रशोचन (Sequestration) लगायत जलवायु परिवर्तनको प्रभाव न्यून गर्न के-कस्ता तरिकाहरू सुरु गरिएका छन् ?
- कृषि, वन, सिँचाइ, भौतिक योजना, खानेपानी, पर्यटन तथा स्वास्थ्यका क्षेत्रमा जलवायुको विषयलाई सम्बोधन गर्ने योजना निर्माणमा जलवायु परिवर्तनको प्रभाव सम्बन्धी जानकारी कसरी प्राप्त हुन्छ वा के-कस्तो आधारशीला तयार गरिएको छ ?

- प्रमुख आर्थिक क्षेत्रहरूका विकास योजना तथा बजेटमा जलवायु परिवर्तनको विषय कसरी समावेश भएको छ ?
- कस्ता जानकारीहरूले योजना निर्मातालाई योजना तर्जुमा गर्दा आवश्यक पृष्ठपोषण गर्न मद्दत गर्न सक्छन् ?

३.३ बजेट स्वीकृति

ऐतिहासिक रूपले बजेट स्वीकृति गर्ने चरणमा नै प्रमुखरूपले संसदको ध्यान केन्द्रित हुँदै आएको छ । नेपालले अवलम्बन गरेको वेस्टमिनिस्टर प्रणालीले बजेट फेरबदल गर्ने सन्दर्भमा संसदको भूमिका एक हदसम्म सीमित गरेको छ । संसदलाई बजेट पुस्तिकामा भएको विवरणमा नयाँ खर्च थप्ने वा घटाउने तथा हटाउने जस्ता बजेट संशोधन गर्ने अधिकार ज्यादै सीमित रहेको हुन्छ । यदि बजेट सामाजिक, आर्थिक प्राथमिकता अनुरूप छैन भने संसदले प्रश्नहरू सोध्ने तथा आफूलाई चित्त नबुझेको कुरा सरकारलाई मिलाउन लगाउन सक्दछ ।

विधायिका संसदको कार्यविधि नियमावलीको भाग १८ मा वार्षिक राष्ट्रिय बजेटको पुनरावलोकन गर्दा संसदले अपनाउनु पर्ने प्रक्रिया सम्बन्धमा विस्तृत रूपमा उल्लेख गरिएको छ। उक्त कार्यविधिका प्रमुख पक्षहरू निम्नवमोजिम रहेका छन् :

- सामान्यतया: हरेक मन्त्रालयले गर्ने खर्चका लागि आफ्नो छुट्टै बजेट शीर्षक रहेको हुन्छ । सोही शीर्षकमा उल्लेखित बजेट जलवायु परिवर्तनसँग सम्बन्धित भए नभएकोबारे जलबायु बजेट कोडले संकेत गरेको हुन्छ ।
- केही निश्चित परिस्थितिमा मात्र विनियोजित बजेट रकम घटाउन बजेट संशोधन प्रस्ताव दर्ता गर्न सक्ने प्रावधान रहेको छ र सामान्यतया: यो नै संशोधन दर्ता गर्नेले बजेट विनियोजनमा आफ्नो विमति जनाउने आधार हो (नियम १५०) ।
- खर्चसम्बन्धी अनुमानित विवरण उल्लेख गरिएको अर्थसम्बन्धी विधेयक पनि अन्य विधेयकसरह नै छलफल गरिन्छ (नियम १५६) ।

संसद कार्यविधि नियमावलीको भाग २४ मा संसदीय समितिको अधिकार र कार्यादेश तथा क्षेत्राधिकारको बारेमा उल्लेख गरिएको छ । प्रत्येक विषयगत ती समितिको संलग्नता तथा अनुगमन गर्ने समितिलाई खास मन्त्रालय तथा निकायहरू तोकिएको छ (नियम १७७) । प्रत्येक विषयगत समितिलाई सम्बन्धित मन्त्रालय, विभाग तथा अन्य कार्यालयको आय र व्ययको अनुमानलाई जाँच गर्ने, वार्षिक आय-व्यय अनुगमन गर्ने, वर्तमान नीतिको सट्टा सम्भावित वैकल्पिक नीतिको सम्बन्धमा आवश्यक निर्देशन दिने जस्ता कार्यादेशहरू दिइएका छन् (नियम १८२ ख) ।

तथापि व्यवहारमा विषयगत समितिहरूबाट राज्यको वार्षिक बजेट स्वीकृत गर्ने सिलसिलामा सम्बन्धित मन्त्रालय तथा निकायको बजेट अनुमानलाई खासै नहेरिने हुँदा बजेटका प्राथमिकता एवं विनियोजनको बारेमा कार्यकारी निकायलाई सुझाव तथा सल्लाह दिने सम्भावना कम हुन जान्छ ।

माथि उल्लेखित यी नियमहरू व्यवहारमा कसरी लागू हुन्छन् र जलवायु वित्तको सम्बन्धमा कसरी प्रयोग हुन्छन् ?

जनताका आवश्यकताहरू पूरा गर्न बजेट समर्थ छ वा छैन भन्ने विषय महत्वपूर्ण हुने भएकोले संसदबाट बजेट पारित गर्ने क्रममा हुने थुप्रै समिति बैठकहरू तथा परामर्श बैठकहरूमा छलफल हुने गर्दछ । जलवायु वित्त एउटा मन्त्रालय वा वातावरणसम्बन्धी विषयमा मात्रै सीमित नभएकोले बजेट स्वीकृत गर्ने क्रममा प्रत्येक विषयगत समितिहरूको भूमिका हुन्छ । मन्त्रालयहरूले आफ्नो उद्देश्य प्राप्तिमा जलवायु परिवर्तनले पुऱ्याउने असरलाई कसरी सम्बोधन गर्ने प्रयास गरेका छन् भन्ने विषय थप महत्वपूर्ण हुन आएको छ । कृषि, वन, सडक तथा विद्युत् उत्पादन जस्ता विविध क्षेत्रहरूको बजेट जलवायु परिवर्तनसँग सम्बन्धित रहेको हुन्छ । तसर्थ, समितिले त्यस्ता विनियोजित रकमलाई केलाउँदा कसरी नेपालका नागरिकहरूलाई प्रभाव पार्ने जलवायु परिवर्तन जस्ता विषय समेटेको छ भन्ने विषयलाई समेत विचार गर्नुपर्ने हुन्छ ।

जलवायु वित्त सम्बन्धमा विषयगत समितिहरूको कामलाई मूलतः दुईवटा क्षेत्रमा केन्द्रित गर्न सकिन्छ ।

- **बजेट विनियोजन :** जलवायु परिवर्तन विषयलाई सरकारले ठीक ढंगले प्राथमिकता दिई रकम विनियोजन गरेको छ भन्ने कुराको सुनिश्चितताका लागि समेत बजेट विनियोजनलाई हेरिनु पर्दछ । जलवायु परिवर्तनका विद्यमान चुनौतीहरूको सामना गर्न पर्याप्त स्रोतको व्यवस्था गरिएको छ र विनियोजित बजेटको कार्यन्वयनका लागि अनुगमनको व्यवस्था गरिएको छ भन्ने बारेमा पनि छलफल केन्द्रित हुनु पर्दछ ।
- **जलवायु वित्त प्रणाली :** नेपाल सरकारले वार्षिक बजेटमा जलवायु परिवर्तनसम्बन्धी बजेटको अंश पहिचान गर्ने प्रक्रिया सुरु गरेको छ । वार्षिक बजेटमा भएको जलवायु वित्त छुट्याउने प्रक्रिया तुलनात्मक रूपले नयाँ हो । जलवायु बजेट सङ्केत, योजना तर्जुमा निर्देशिका तथा बजेट परिपत्रमा संशोधनकासाथै बजेट विनियोजन तथा खर्चकोबीच प्रणालीगत सम्बन्ध स्थापित गरी खर्चको विवरण प्राप्त गर्ने प्रक्रिया जस्ता केही नयाँ नीतिगत परिवर्तनहरू हालसालै सम्पन्न भएका छन् । मन्त्रालय तथा सम्बन्धित निकायहरूले यी प्रक्रियालाई प्रभावकारी रूपमा उपयोगमा ल्याउन सकुन् भन्ने कुराको सुनिश्चितता हुनु जरुरी छ । मन्त्रालयहरूबीचमा जलवायुसम्बन्धी लगानीलाई कसरी प्राथमिकीकरण गरिएको छ र कसरी समन्वय गरिएको छ भन्ने कुराको रेखदेख गर्न अन्तरमन्त्रालय समितिको स्थापना गर्नु पनि जरुरी छ । यस क्रममा निरन्तर सुधारको लागि संसदको मार्गदर्शन आवश्यक हुन्छ ।

राज्यको वार्षिक बजेट पुनरावलोकनको प्रमुख लक्ष्य भित्र जलवायु वित्तको पुनरावलोकन पनि समेट्नु आवश्यक छ । बजेट जलवायु परिवर्तनका दृष्टिले समेत प्रभावकारीरुपमा पुनरालोकन गर्न अनुमोदन गर्नुपूर्व संसदमा पेश भएको बजेटका तथ्याङ्कलाई प्रभावकारीरुपमा केलाउन विषयगत समितिहरूमा साधन श्रोत तथा आवश्यक विज्ञताको पर्याप्त व्यवस्था हुनुपर्दछ । तालिका ८ मा विज्ञता आवश्यक पर्ने सम्भावित क्षेत्रहरू तथा तिनका सम्भावित श्रोतहरू दिइएको छ ।

तालिका ८: विज्ञता आवश्यक पर्ने सम्भावित क्षेत्रहरू तथा तिनका सम्भावित स्रोतहरू

सि. नं	विज्ञता	प्राप्त हुने स्रोत
१	पानी व्यवस्थापन विज्ञ	सिँचाइ मन्त्रालय, खानेपानी तथा सरसफाइ मन्त्रालय, जल तथा मौसम विज्ञान विभाग, जल शक्ति आयोग, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्था, नागरिक समाज
२	प्रकोप विज्ञ (तयारी, व्यवस्थापन तथा पुनर्स्थापना)	जल-उत्पन्न प्रकोप नियन्त्रण विभाग, रेडक्रस, विश्व विद्यालयहरू, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्था, नागरिक समाज, अनुसन्धान संस्थाहरू
३	जलाधार व्यवस्थापन विज्ञ	भू-संरक्षण विभाग, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्था, अनुसन्धान संस्थाहरु, भूगोल विभाग, त्रिवि
४	सामुदायिक विकास विज्ञ	राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्था, नागरिक समाज
५	कृषि विज्ञ	कृषि विकास मन्त्रालय, नार्क, गैसस सञ्जाल
६	किट विज्ञ	नार्क
७	बाली रोग विज्ञ	नार्क
८	भूगर्भ विज्ञ	त्रिभुवन विश्वविद्यालय, काठमाडौं विश्वविद्यालय, खानी तथा भूगर्भ विभाग
९	जैविक विविधता विज्ञ	वन मन्त्रालय, वन विभाग, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्था, वन उपभोक्ता महासंघ
१०	भूमि पुनर्उत्थान विज्ञ	भू-संरक्षण विभाग
११	जलवायु विज्ञ	जनसंख्या तथा वातावरण मन्त्रालय, विभिन्न विश्वविद्यालयहरु
१२	वातावरण विज्ञ	जनसंख्या तथा वातावरण मन्त्रालय, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्था, नागरिक समाज, विभिन्न विश्वविद्यालयहरु
१३	गरिबी निवारण विज्ञ	गरिबी निवारण मन्त्रालय, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्था, नागरिक समाज
१४	लैङ्गिक विज्ञ	महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्था, नागरिक समाज, त्रिभुवन विश्वविद्यालय

समितिका लागि मननयोग्य केही प्रक्रियागत विषयहरू

सामान्य :

- संसदबाट बजेट स्वीकृत गर्नुपुर्व पुनरावलोकनका लागि थप सूचना वा जानकारीको लागि के कस्ता स्रोत उपलब्ध छन् ?
- बजेट पुनरावलोकन गर्न सघाउ पुग्ने अवस्थाका लागि के कुनै प्रक्रिया वा नियमावलीमा कुनै संशोधनको आवश्यकता छ ?

मन्त्रालय विभागसँगको संवाद

- सम्बन्धित मन्त्रालयका पदाधिकारीलाई बजेटसम्बन्धी ब्याख्याका लागि बोलाइएको छ ?
- पूर्व-बजेट छलफल भएको अवस्थामा के त्यसबाट उपलब्ध जानकारीले बजेट परिमार्जन गर्न सघाएको छ ?
- कुनै शीर्षकमा बजेट थप घट भएको छ भने त्यसका आधार के थिए ?

सर्वसाधारणको चासो

- बजेट स्वीकृति पूर्व सर्वसाधारणसँग अन्तरक्रिया गर्ने कुनै योजना बनाइएको छ ?
- सर्वसाधारणसँगको छलफलका लागि के-कस्ता व्यवस्था छन् ?
- बजेट छलफलमा सघाउ पुऱ्याउन के-कस्ता विज्ञको राय सल्लाह आवश्यक हुन सक्छ ?
- बजेटमा सिमान्तकृत समूहको चासो समेटिएको छ भनी कसरी यकिन गर्ने ?

जानकारी संकलन

- यदि समितिलाई बजेट चित्त नबुझेमा थपघट गर्न सघाउने के-कस्ता जानकारी वा प्रमाण आवश्यक पर्न सक्छ?

बजेट स्वीकृत गर्ने चरणमा माननीय सांसदज्यूहरूबाट सोध्न सकिने सम्भाव्य प्रश्नहरू :

१. जलवायु परिवर्तनको वित्तको आकार

केन्द्रीय मन्त्रालय

- कुन-कुन मन्त्रालय तथा संस्थामा गत आ.व. भन्दा जलवायु परिवर्तनसँग सम्बन्धित विनियोजित रकम बढेको छ ? त्यस्तो बढेको रकमको विनियोजन कहाँ भएको छ ? बजेट विनियोजन बढ्नुको कारण के हो ?
- कुन मन्त्रालय र संस्थामा गत आ.व. भन्दा जलवायु परिवर्तनसम्बन्धी बजेट रकम घटेको छ ? किन कम रकम विनियोजन भएको हो ? कम बजेट विनियोजन हुनुको कारण के हो ?

स्थानीय सरकारहरूका लागि

- जलवायु अनुकूलन तथा न्यूनीकरणसँग सम्बन्धित पुँजीगत परियोजनाको निम्ति कति बजेट विनियोजन गरिएको छ ?
- जलवायु अनुकूलन वा न्यूनीकरणसँग सम्बन्धित अन्य कार्यक्रमहरूका लागि कति रकम विनियोजन गरिएको छ ?
- के ती परियोजनाहरूमा भएको बजेट विनियोजन वास्तविकतामा आधारित छ ?
- बजेट कार्यान्वयन तथा अनुगमनको निम्ति कति रकम विनियोजन गरिएको छ ?

विषयगत मन्त्रालयहरूका लागि

- कुन-कुन मन्त्रालय तथा संस्थामा गत आ.व. भन्दा जलवायु परिवर्तनसँग सम्बन्धित विनियोजित रकम बढेको छ ? त्यस्तो बढेको रकमको विनियोजन कहाँ भएको छ ? बजेट विनियोजन बढ्नुको कारण के हो ?
- कुन मन्त्रालय र संस्थामा गत आ.व. भन्दा जलवायु परिवर्तन सम्बन्धी बजेट रकम घटेको छ ? किन कम रकम विनियोजन भएको हो ? कम बजेट विनियोजन हुनुको कारण के हो ?
- हाल विनियोजन भएको बजेटले भविष्यमा कुनै अन्य आर्थिक भार (जस्तैः बहुवर्षीय योजना वा मर्मत सम्भारमा थप खर्चिनु पर्ने उपकरणको खरिद आदि) थप्ने सम्भावना छ ?
- जलवायु अनुकूलन वा न्यूनीकरणसँग सम्बन्धित अन्य कार्यक्रमहरूका लागि कति रकम विनियोजन गरिएको छ ?

के ती परियोजनाहरूमा भएको बजेट विनियोजन वास्तविकतामा आधारित छ ?

- बजेट कार्यान्वयन तथा अनुगमनको निम्ति कति रकम विनियोजन गरिएको छ ? के विनियोजन गरिएको बजेट मितव्ययी तरिकाले कार्यक्रम कार्यान्वयनकालागि पर्याप्त छ ?

२. जलवायु परिवर्तनको लगानीको गुण एवं समताको स्तर

केन्द्रीय मन्त्रालय :

- प्रस्तावित वार्षिक बजेटले जलवायु परिवर्तन नीति, रणनीति, मार्गदर्शनहरूले लक्षित गरेको विषय र नेपाल सरकारद्वारा अन्तरराष्ट्रिय सन्धि-सम्झौतामा व्यक्त प्रतिबद्धता पूरा गर्न कसरी सघाउने छन् ?
- प्रस्तावित आय-व्ययका नीतिहरूले गरीब, महिला, तथा जोखिममा रहेको समुदायको आवश्यकतालाई कसरी सम्बोधन गर्छन् र तिनले समतामूलक वितरणमा कसरी योगदान गर्छन् ?

स्थानीय सरकार :

- के बजेट विनियोजन भएका कार्यक्रम तथा परियोजनाहरू आमजनता एवं नागरिकका प्राथमिकता अनुरूप छन् ?

- कस्ता गैरजलवायु नीतिहरूले बजेट विनियोजनका निर्णयलाई प्रभावित गरेका छन् ? उदाहरणका लागि के लैङ्गिक तथा सामाजिक समावेशी रणनीतिलाई लगानीको मार्गदर्शनको रूपमा लिइएको छ ?

जलवायु परिवर्तन सम्बन्धी कार्यक्रम तथा बजेट विनियोजनलाई सूक्ष्मरुपमा केलाउन निम्न प्रश्नहरू सहयोगी हुन सक्छन् :

३. बजेटको अपेक्षित उपलब्धि

केन्द्रीय मन्त्रालय :

- प्रस्तावित कार्यक्रमले हरित गृह ग्यासको उत्सर्जन घटाउन कसरी मद्दत गर्ला ?
- प्रस्तावित कार्यक्रमले जलवायु उत्थानशिलता बढाउन कसरी मद्दत गर्ला ?

स्थानीय सरकार :

- सुक्खा खडेरीलगायत बढ्दो पानीको अभावलाई सम्बोधन गर्न प्रस्तावित कार्यक्रमले कसरी मद्दत गर्दछ ?
- प्रस्तावित कार्यक्रमले भूमिगत जलभण्डार रित्तिएको स्थानमा पुनर्भरणमा कसरी योगदान पुऱ्याउँदछ ?
- कसरी प्रस्तावित कार्यक्रमले स्थानीय स्तरमा खाद्य एवं स्वास्थ्य सुरक्षा सुदृढीकरण गर्न मद्दत गर्दछ ?
- कसरी प्रस्तावित कार्यक्रमले पहिरो, खहरे बाढीजस्ता प्राकृतिक प्रकोप कम गर्न मद्दत गर्दछ ?
- कसरी प्रस्तावित कार्यक्रमले प्रकोपका घटनाहरूबाट बच्नका लागि समुदायलाई पूर्व तयारी गर्न मद्दत गर्दछ ?
- कसरी प्रस्तावित कार्यक्रमले जलवायु परिवर्तनको स्थानीय प्रभावबारे थप जानकारी उपलब्ध गराउला ?
- कार्यान्वयन गरिएका कार्यक्रमहरूले उद्देश्य अनुरुप न्यूनीकरण वा अनुकूलनमा के कति सहयोग पुग्यो भन्ने मूल्याङ्कन गर्ने संरचना के छ ?

बक्स ८: सार्वजनिक लेखा समिति र महालेखा परीक्षकको प्रतिवेदन

व्यवस्थापिका संसदको सार्वजनिक लेखा समितिले २०७३ वैशाखमा मिनाह गरिएको राजस्व करबारे सुनुवाई प्रारम्भ गऱ्यो । महालेखा परीक्षकको प्रतिवेदनमा उल्लेखित सूचनाको आधारमा २१ अर्ब रूपैयाँ बराबरको कर छुटबारे कर फर्स्यौट आयोगको प्रतिवेदन समितिमा पेश गर्न सार्वजनिक लेखा समितिले अर्थ मन्त्रालयलाई लेखी पठायो ।

http://kathmandupost.ekantipur.com/news/2017-04-28/house-panel-investigates-rs21b-tax-exemption-case.html

- कार्यान्वयन गरिएका कार्यक्रमहरूले अनुकूलनलाई समन्वयात्मक ढंगले अगाडि बढाउने अन्तरसमुदाय संजालको निर्माणमा के मद्दत गऱ्यो ?

विषयगत मन्त्रालय :

- प्रस्तावित कार्यक्रमले कसरी हरियाली बढाउन र कार्बन प्रशोचन गर्न सहयोग गर्दछन् ? मन्त्रालय अन्तर्गतका प्रस्तावित कार्यक्रमहरूको सबैभन्दा महत्वपूर्ण प्रभाव के हुन सक्छ ?
- मन्त्रालयका प्रस्तावित कार्यक्रमले जलवायु अनुकूलनको कुन पक्षलाई मद्दत पुऱ्याउँछ ? यसले हरितगृह ग्यास उत्सर्जन घटाउन के मद्दत गर्ला ?
- जलवायु अनुकूलन तथा न्यूनीकरणसम्बन्धी प्रस्तावित कार्यक्रमहरूको प्रभावकारिताको बारेमा मन्त्रालयअन्तर्गत निर्णय गर्न सघाउने संयन्त्र के छ ?
- मन्त्रालयअन्तर्गतका क्षेत्रगत योजना तर्जुमालाई प्रभावकारी बनाउन आवश्यक सूचना उपलब्ध गराउने सन्दर्भमा प्रस्तावित कार्यक्रमहरूले के कति सहयोग गर्छन् ?
- कार्यान्वयन गरिएका कार्यक्रमहरूले न्यूनीकरण वा अनुकूलनमा के कति प्रभावकारी रह्यो भनी योजनाकारलाई जानकारी गराउने संरचना के छ ?
- प्रत्येक मन्त्रालयको बजेट भित्रको जलवायुसम्बन्धी बजेटले एक अर्का मन्त्रालयबीच कसरी परिपूरकको भूमिका निभाउन सक्लान् ?

३.४ बजेट कार्यान्वयन तथा लेखा परीक्षण

समितिका लागि मननयोग्य केही प्रक्रियागत विषयहरू

सामान्यः

- बजेट कार्यान्वयनको दौरान अनुगमन गर्नु परेमा आवश्यक पर्ने सूचना वा जानकारीको लागि के कस्ता स्रोत उपलब्ध छन् ?
- बजेट कार्यान्वयनको अनुगमनमा सहजताको लागि विद्यमान प्रक्रिया वा नियमावलीमा कुनै संशोधनको आवश्यकता छ ?
- आगामी बर्षमा समितिबाट कुन-कुन खास कार्यक्षेत्र वा विषयमा सोधखोज हुनेछन् ?
- सरकारले बेरूजु सम्बन्धमा आवश्यक कदम चालेको यकिन गर्न सार्वजनिक लेखा समितिले महालेखा परीक्षकसँग के-कस्तो अन्तरक्रिया गर्ने गरेको छ ?

मन्त्रालय/विभागसँगको संवाद

- बजेट कार्यान्वयनको अनुगमनमा प्रत्येक अनुगमन पूर्व बजेट कार्यान्वयन के-कसरी भइराखेको छ भन्ने जानकारी लिन समितिले सम्बन्धित मन्त्रालयहरूलाई बोलाउने कुनै योजना छ ?
- बजेट कार्यान्वयनको सोधखोज टुङ्ग्याउनु पूर्व (प्रतिवेदन तयार गर्नु अघि) के मन्त्रालयलाई सोधखोजको सुरूमा उठाइएका प्रश्नहरूबारे के-कस्तो कारवाही भयो भन्ने जानकारी उपलब्ध गराउन समितिमा बोलाइएको छ ?

सर्वसाधारणको चासो

- बजेट कार्यान्वयनको अनुगमनमा सर्वसाधारणलाई संलग्न गराउन कुनै योजना बनाइएको छ ?
- बजेट कार्यान्वयनको अनुगमनमा सघाउ पुऱ्याउन के-कस्ता विज्ञको राय सल्लाह आवश्यक हुन सक्छ ?
- अनुगमन क्रममा सिमान्तकृत समूहको चासो समेटिएको छ भनी कसरी यकिन गर्ने ?

जानकारी संकलन

- अनुगमन क्रममा यदि समितिलाई बजेट कार्यान्वयनबारे कुनै कुरामा चित्त नबुझेमा यसलाई पुष्टि गर्न के-कस्ता जानकारी वा प्रमाण संकलन गएिएको छ ?
- महालेखा परीक्षकको वार्षिक प्रतिवेदनको अलावा बजेट राम्रोसँग कार्यान्वयन भएको छ भन्न अन्य के कस्ता जानकारीका स्रोत हुन सक्छन् ?

बजेट चक्रको तेस्रो र चौथो चरणमा कार्यान्वयन र लेखापरीक्षण पर्दछ। नेपाल अधिराज्यको संविधान २०७२ अनुसार सरकारले राज्यको वार्षिक बजेट संसदमा प्रस्तुत गर्दा अघिल्लो आर्थिक वर्षमा प्रत्येक मन्त्रालयअन्तर्गत विनियोजित रकमको खर्चको विवरण तथा खर्चको उद्देश्य प्राप्ति भए नभएको सम्बन्धमा समेत खुलाई पेश गर्नुपर्दछ (धारा ११९ (ट))।

वार्षिक बजेट लागू हुने साउन महिनादेखि अर्को वर्षको पूर्व बजेट प्रक्रिया सुरु हुने वैशाख महिनाको बीचमा अघिल्लो आर्थिक वर्षको बजेट विनियोजनमा संसदको भावनाअनुरूप खर्च भएको छ छैन तथा विद्यमान चुनौतीहरूको सामना गर्न बजेट पर्याप्त छ छैन भन्ने कुराको पुनरावलोकन गर्न प्रत्येक विषयगत समितिहरूले समय छुट्याउनु पर्दछ । प्रत्येक वर्षको जेठ महिनामा वार्षिक बजेट प्रस्तुत गर्दा अघिल्लो आर्थिक वर्षमा भएको खर्चको विस्तृत विवरण पनि संसदमा प्रस्तुत गर्नु पर्दछ ।

सोही समयमा विषयगत संसदीय समितिहरूले चालू आर्थिक वर्षको बजेट कार्यान्वयनको अवस्थाको बारेमा अनुगमन गरिरहेका हुन्छन् । आवश्यकता अनुसार नेपाल सरकारले जुनसुकै समयमा पनि वास्तविक खर्चको अद्यावधिक विवरण खर्च उपलब्ध गराउन सक्छ । संसदका विषयगत समितिहरूलाई सम्बन्धित मन्त्रालय तथा निकायहरूले कार्यान्वयन गरेका कार्यको खास पक्षलाई नियमित रूपमा पहिचान गर्ने र सही प्रणाली अवलम्बन गरिएको छ छैन र राज्यले अङ्गीकार गरेको नीतिलाई अवलम्बन गरिएको छ छैन भन्ने कुरा थाहा पाउन तथा त्यसका लागि आगामी बजेटमा परिमार्जन गर्न आवश्यक दलिल पेश गर्न सक्ने बनाउन सशक्तीकरण गरिनुपर्दछ ।

बजेट कार्यान्वयनको अनुगमन गरिरहेको संसदीय समितिलाई तत्काल कुनै निर्णयमा पुग्न उपलब्ध तथ्य नपुग हुन सक्छ । त्यसका लागि नागरिक समाज, प्राज्ञहरू एवं विज्ञहरूसँगको सहकार्यबाट समितिहरूलाई तथ्य तथा सुझाव उपलब्ध हुन सक्छन् ।

महालेखा परीक्षकले आफ्नो वार्षिक प्रतिवेदन पेश गरेपछि वार्षिक बजेट अनुगमनको अर्को चरण सुरु हुन्छ । महालेखा परीक्षकले सरकारका खास कार्यक्रम तथा परियोजनाहरूको विस्तृत नीतिगत तथा कार्यान्वयनको पक्षसमेत परीक्षण गरी त्यस्तो प्रतिवेदन प्रस्तुत गर्दछ । त्यो प्रतिवेदन आर्थिक वर्ष समाप्त भएको केही महिनापछि मात्र प्रकाशित हुन्छ, तर त्यस प्रतिवेदनले सरकारी खर्चको अनुगमन गर्न सार्वजनिक लेखा समितिलाई विस्तृत जानकारी उपलब्ध गराउँछ ।

सार्वजनिक लेखा समितिका अतिरिक्त अन्य विषयगत समितिहरूले पनि महालेखा परीक्षकको प्रतिवेदनको कुनै निश्चित पक्षलाई अध्ययन गर्न सक्दछन् । विनियोजन भएको रकमको खर्चबाट जलवायु परिवर्तनलगायत मन्त्रालयका आफ्ना लक्ष्यहरूको प्राप्तिमा के कस्तो उपलब्धि हासिल भयो भन्ने कुरा यकिन गर्न समितिहरूले मन्त्रालयहरूलाई आफ्नो वार्षिक प्रतिवेदन पेश गर्न लगाउन सक्दछन् ।

बजेट कार्यान्वयन तथा अनुगमन चरणका लागि केही सम्भाव्य प्रश्नहरू :

स्रोतहरूको जवाफदेहीपूर्ण प्रयोग

केन्द्रीय मन्त्रालय

- के सरकारले र सरकारका सबै मन्त्रालयहरूले जलवायु सम्बन्धी कार्यक्रम तथा परियोजनाहरूका लागि विनियोजन गरिएका सबै रकम खर्च गरे ? यदि नगरेको भए त्यसरी छुट्याइए अनुरूप खर्च नहुनुको कारण के हो ? त्यस्तो बजेट कुन-कुन क्षेत्रमा विनियोजन भएको थियो ?
- के राष्ट्रिय सार्वजनिक वित्त प्रणाली (पी.एफ.एम) ले राष्ट्रिय एवं स्थानीय तहमा भएको जलवायु बजेट तथा खर्चको विवरण उपलब्ध गराएर निर्णय प्रक्रियामा सहयोग गर्न सक्ने अवस्था छ ?
- कार्यकारी निकायबाट भएको खर्चको पर्याप्तता अनुगमन गर्ने संरचना छ ? छैन भने के कस्ता कदमले खर्चको पर्याप्ततावारे जानकारी पाउन सकिएला ?
- सरकारको जलवायु परिवर्तन नीतिअनुरूप जलवायु परिवर्तनसम्बन्धी खर्चको ८० प्रतिशत खर्च स्थानीय तहमा खर्च भएको छ ?

स्थानीय सरकार

- स्थानीय सरकारले जलवायु परिवर्तनसम्बन्धी बजेट पूरा खर्च गरेको छ ? यदि नभएको भए के कारण होलान् ? खर्च नभएको रकम अन्य कुन कार्यमा खर्च भयो ?
- के जलवायु परिवर्तन नीतिअनुरूप जलवायु परिवर्तनसम्बन्धी खर्चको ८० प्रतिशत खर्च स्थानीय तहमा खर्च भएको छ ? यदि छैन भने उक्त लक्ष्य पूरा गर्न के कदम चालिएको छ ?

सामाजिक र आर्थिक प्रभाव :

केन्द्रीय मन्त्रालय

- के पहिलेको जलवायु परिवर्तनसम्बन्धी खर्चबाट भएको उपलब्धि र नतिजाको विश्लेषण गरी त्यसको निचोड आगामी वर्षको बजेट तर्जुमा गर्दा प्रयोग गरिएको छ ?
- यदि छैन भने, किन हुन नसकेको ? यस किसिमको नीतिगत सूचना उपलब्ध गराउने व्यवस्था गर्न कुनै संरचना छ ?

स्थानीय सरकार

- के स्थानीय सरकारले सबैभन्दा जोखिममा रहेको समुदायलाई जलवायु परिवर्तनसम्बन्धी कार्यबाट भएको खर्चले के फाइदा भयो भन्ने कुनै लेखाजोखा गर्ने गरेको छ ?
- जलवायु परिवर्तनसम्बन्धी कार्यबाट भएको खर्चले सबैभन्दा जोखिममा रहेको समुदायलाई पुगेको फाइदाको लेखाजोखा गर्न के स्थानीय सरकारले कुनै संस्थासँग साझेदारी गरेको छ ?

- के बजेट तर्जुमा गर्दा जोखिममा रहेको समुदायलाई जलवायु परिवर्तनसम्बन्धी खर्चले पुऱ्याएको फाइदालाई ध्यानमा राख्ने गरिएको छ ?
- यदि छैन भने, यस किसिमको नीतिगत सूचना उपलब्ध गराउने व्यवस्था गर्न कस्तो संरचना उपलब्ध छ ?

विषयगत मन्त्रालय

- के विषयगत मन्त्रालयले सबैभन्दा जोखिममा रहेको समुदायलाई जलवायु परिवर्तनसम्बन्धी कार्यबाट भएको खर्चले के फाइदा भयो भन्ने कुनै लेखाजोखा गर्ने गरेको छ ?
- जलवायु परिवर्तनसम्बन्धी कार्यबाट भएको खर्चले सबैभन्दा जोखिममा रहेको समुदायलाई पुगेको फाइदाको लेखाजोखा गर्न विषयगत मन्त्रालयले कुनै संस्थासँग साझेदारी गरेको छ ?
- के विषयगत मन्त्रालयले बजेट तर्जुमा गर्दा जोखिममा रहेको समुदायलाई जलवायु परिवर्तनसम्बन्धी खर्चले पुऱ्याएको फाइदालाई ध्यानमा राख्ने गरिएको छ ?
- यदि छैन भने, यस किसिमको नीतिगत सूचना उपलब्ध गराउने चक्र कायम गर्न कस्तो संरचना उपलब्ध छ ?

३.५ तथ्य एवं तथ्याङ्कका स्रोत सङ्कलन

जलवायु परिवर्तनसम्बन्धी तथ्याङ्क एवं जानकारी निम्न प्रतिवेदनहरूमा उपलब्ध छन् ।

जोखिमको स्तर अनुसारको नक्साङ्कन

जनसङ्ख्या तथा वातावरण मन्त्रालयबाट सन् २०१० मा प्रकाशित नेपालमा जलवायु परिवर्तनको जोखिमबाट असुरक्षित स्थान वा क्षेत्रको नक्साले ७५ वटै जिल्लाको जोखिमको स्तरअनुसारको विवरण देखाउँदछ । यो नक्साले मानिस तथा पारिस्थितिक प्रणालीको जोखिम, बाढीको खतरा/जोखिम, पहिरो, सुक्खा खडेरी तथा सामाजिक, आर्थिक पूर्वाधार एवं प्रविधिले निर्धारण गरेको अनुकूलन क्षमताको सम्बन्धमा विस्तृत विवरण दिन्छ । यो नक्साले अति असुरक्षित जिल्ला छनौट गरी अनुकूलन कार्यक्रमहरूको योजना बनाउने तथा अनुकूलन कार्यक्रम कार्यान्वयन गर्न आवश्यक साधनस्रोतको परिचलन गर्न सहयोग पुऱ्याउँदछ ।

राष्ट्रिय अनुकूलन कार्य योजना (नापा) र राष्ट्रिय अनुकूलन योजना (नाप)

जनसङ्ख्या तथा वातावरण मन्त्रालयले तयार गरेको राष्ट्रिय अनुकूलन कार्य योजना (नापा) ले खडेरी, हिमताल फुटेर आउने बाढी तथा अत्याधिक वर्षाका कारण हुने बाढी-पहिरो जस्ता जोखिमको एकीकृत स्थिति देखाउँदछ । नापाबाट प्राप्त सूचना एवं तथ्यका आधारमा तत्काल लागू गर्ने केही अनुकूलन आयोजनाहरू तयार गरिएका थिए । ती आयोजनाहरूको कार्यान्वयनको अनुभवले राष्ट्रिय अनुकूलन योजना (नाप), जुन हाल तयारी क्रममा छ, तयार गर्न सघाउ पुऱ्याएको छ । राष्ट्रिय अनुकूलन योजनाले मध्यमकालीन (सन् २०१८-२०३०) तथा दीर्घकालीन (सन् २०५०

सम्म) अनुकूलन आवश्यकता सम्बोधन गर्न आवश्यक योजनाको खाका बनाउने छ। यसले जलवायु परिवर्तन अनुकूलन आयोजनाहरूलाई जलवायु प्रतिरोधी बनाउने नीति तथा कार्यक्रममा एकीकृत गर्न तथा अनुकूलन क्षमता अभिवृद्धि गरी जोखिमको स्थितिलाई न्यून गर्न पनि सहयोग पुऱ्याउनेछ।

जलवायु परिवर्तन प्रभाव अध्ययन (२०१६)

तत्थ्याङ्क विभागबाट प्रकाशित जलवायु परिवर्तन प्रभाव अध्ययन (२०१६) को प्रतिवेदनले मुलुकको तीन भौगोलिक क्षेत्र समेटेर गरेको अध्ययनको आधारमा जनसंख्या, शिक्षा, परिवारको आम्दानी आदि विविध पक्ष समेतको भिन्न-भिन्न परिवेशमा जनताले महसुस गरेको जलवायु परिवर्तन प्रभावबारे जानकारी दिन्छ। प्रतिवेदनले जलवायु परिवर्तनजन्य विपद, यसको आर्थिक, सामाजिक प्रभाव, प्राकृकित स्रोत र जैविक विविधतामा देखिएको प्रभावबारे जानकारी दिन्छ। साथै, फूलफुल्ने समयमा आएको परिवर्तन, स्थानीय पानीका स्रोतमा परेको प्रभाव, मिचाहा प्रजातीको प्रकोपका साथै समुदायले अपनाई आएका अनुकूलनका उपायहरूबारे पनि जानकारी दिन्छ।

खण्ड - ४

सहकार्यका लागि सरोकारवाला साझेदारहरू

जलवायु परिवर्तन थुप्रै सरकारी मन्त्रालय तथा निकायहरू संलग्न हुने विषय हो। साविक १२ मन्त्रालयद्वारा कार्यान्वयन गरिएका विभिन्न विकास कार्यक्रमहरू जलवायु अनुकूलन तथा न्यूनीकरणसँग कुनै न कुनै रूपमा सम्बन्धित रहेका छन्। खानेपानी तथा सरसफाइ मन्त्रालयमा जलवायु परिवर्तनसम्बन्धी कार्यमा सबैभन्दा बढी बजेट विनियोजन भएको पाइन्छ भने दोस्रोमा कृषि विकास मन्त्रालय रहेको छ। जलवायु परिवर्तनसम्बन्धी बढी बजेट विनियोजन हुने तेस्रो र चौथो मन्त्रालयमा क्रमशः सिँचाइ मन्त्रालय तथा जनसङ्ख्या तथा वातावरण मन्त्रालय पर्दछन्। जलवायु परिवर्तनसम्बन्धी कार्यक्रमहरूमा वर्षैपिच्छे बजेट विनियोजन बढेर गएको कुरा जलवायु बजेट सङ्केतले देखाएको छ। यसले के दर्शाउँछ भने नेपाल सरकारले आफ्ना नियमित विकास कार्यक्रमहरूमा जलवायु परिवर्तनसँग सम्बन्धित कार्यक्रमहरूलाई जोड दिँदै आएको छ।

साविक जिल्ला विकास समिति र जिल्लास्थित विषयगत कार्यालयद्वारा कार्यान्वयन गरिएका अधिकांश विकास कार्यक्रमहरू जलवायु परिवर्तनसँग सम्बन्धित छन्। यसको अलावा सरकार बाहिरका संस्थाहरू जलवायु परिवर्तनका प्रभावलाई न्यून गर्ने ज्ञान सिर्जना गर्ने, प्रविधि विकास गर्ने, क्षमता अभिवृद्धि गर्ने, प्रयोगात्मक अनुसन्धान गर्नेजस्ता धेरै क्रियाकलापहरूमा संलग्न रहेका छन्।

जिल्लामा भएका जलवायुसम्बन्धी सबै खर्चको जानकारी पाउन सकिँदैन। किनकि स्थानीय सरकारले स्थानीय तहमा नै उठाउने तथा केन्द्रीय सरकारबाट पाउने एकमुष्ठ अनुदानलगायत विभिन्न स्रोतहरूबाट आएको स्रोत प्रयोग गर्दछ, जसको बारेमा कोष तथा लेखा नियन्त्रक कार्यालयमा विवरण उपलब्ध हुँदैन। जलवायु परिवर्तनको प्रभावलाई न्यून गर्ने कार्यमा महत्वपूर्ण भूमिका खेल्ने अन्तर्राष्ट्रिय तथा राष्ट्रिय गैरसरकारी संस्था एवं निजीक्षेत्रबाट भएको जलवायु परिवर्तनसम्बन्धी खर्चको विवरण पनि उपलब्ध छैन। यस्था संस्था र स्रोतबाट हुने खर्चको विवरण प्राप्त गर्न सक्ने प्रणाली विकास गर्दै लानुपर्ने हुन्छ।

४.१ सरकारी निकायहरू

४.१.१. राष्ट्रिय योजना आयोग :

वार्षिक विकास कार्यक्रम तथा बजेटको साथै सबै जलवायुसम्बन्धी कार्यक्रमहरूको समन्वय गर्ने संस्था राष्ट्रिय योजना आयोग हो ।

४.१.२. अर्थ मन्त्रालय :

बार्षिक बजेट मार्फत कार्यान्वयन भएका जलवायु परिवर्तन सम्बन्धी विकास कार्यक्रमहरूमा छुट्टयाइएको बजेटबारे जानकारी उपलब्ध गराउँदछ । अर्थ मन्त्रालयबाट प्रकाशित हुने रातो किताबमा मन्त्रालयगत बजेट विनियोजनको विवरण प्राप्त हुन्छ । त्यस्तै ती कार्यक्रममा भएको वास्तविक खर्चको विवरण पनि आ.व. २०७३/७४ देखि उपलब्ध हुन थालेको छ । गत आर्थिक वर्षको खर्च तथा त्यससम्बन्धी आर्थिक विश्लेषणसहित प्रकाशित गर्ने आर्थिक सर्वेक्षणमा पनि जलवायु परिवर्तनसम्बन्धी खर्चको विवरण समावेश गरिएको छ । अर्थ मन्त्रालयको नेतृत्वमा जलवायु परिवर्तनसम्बन्धी वित्तीय खाका तयार गर्ने कार्य हुँदै छ । यस खाकाले सार्वजनिक वित्त प्रणालीमा जलवायु वित्तलाई एकीकृत गर्न सघाउनेछ ।

४.१.३. जनसङ्ख्या तथा वातावरण मन्त्रालय :

यो मन्त्रालय जलवायु परिवर्तनसम्बन्धी संयुक्त राष्ट्र सङ्घीय महासन्धिको फोकल संस्था हो । यसले राष्ट्रिय नीति कार्यान्वयनको अनुगमन गर्ने तथा अन्तर्राष्ट्रिय सहयोग एवं नेपालले पेरिस सम्झौता बमोजिम प्रस्तुत गरेको प्रतिबद्धताहरू (एनडिसी) लगायत अन्तर्राष्ट्रिय प्रतिवद्धताहरूको नोडल संस्थाको रूपमा पनि कार्य गर्दछ ।

मन्त्रालयले जलवायु परिवर्तनसम्बन्धी मूलतः निम्न कार्यहरू गर्दछ :

- जलवायु परिवर्तनसम्बन्धी नीति तथा कार्यक्रम तयार गर्ने एवं लागू गर्ने
- जलवायु परिवर्तन नीति कार्यान्वयनको अनुगमन गर्ने
- नेपालमा जलवायु परिवर्तनको अवस्था सम्बन्धमा प्रतिवेदन तयार गर्ने तथा प्रकाशन गर्ने
- सबै जलवायु परिवर्तनसम्बन्धी अन्तर्राष्ट्रिय मामलाको फोकल संस्थाको रूपमा कार्य गर्ने
- विभिन्न मन्त्रालय एवं अन्य संस्थाहरूबाट गरिने जलवायु सम्बन्धी कार्यको समन्वय गर्ने
- क्षेत्रगत नीतिहरूमा जलवायु परिवर्तन सम्बन्धी रणनीतिलाई मूल-प्रवाहीकरण गर्न आवश्यक कदम चाल्ने
- कार्बन-व्यापारसम्बन्धी नीतिगत कदम चाल्ने र कार्बन-व्यापारसम्बन्धी कार्यक्रमहरूको अनुगमन तथा मूल्याङ्कन गर्ने
- हरित गृह ग्याँसको निष्कासन न्यूनीकरणसम्बन्धी कार्यक्रमलाई प्रोत्साहन गर्न तथा सफा ऊर्जा एवं न्यून कार्बनमा आधारित आर्थिक वृद्धि (green growth) बढाउन आवश्यक नीतिगत व्यवस्था गर्ने

- दिगो विकाससम्बन्धी नीतिहरू, रणनीति एवं कार्यक्रमहरू तयार गर्ने र तिनीहरूको कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन गर्ने ।

४.१.४. वन तथा भू-संरक्षण मन्त्रालय :

यो मन्त्रालय वन विनाश तथा वनको हैसियतको ह्रासबाट हुने कार्बन उत्सर्जन घटाउन पहल (अर्थात REDD कार्यान्वयन) गर्ने प्रमुख संस्था हो । नेपालको रेड रणनीतिले वन संरक्षण तथा सुधारवाट वायुमण्डलमा भएको हरित गृह ग्याँसको मात्रा कम गर्ने परिकल्पना गरेको छ । साथै यसरी वन संरक्षण एवं विस्तार गर्दा वनमा निर्भर गरीब तथा सीमान्तकृत समुदायको जीविकोपार्जनको आवश्यकतालाई पनि सम्बोधन गर्ने र दिगो वन विकासका लागि प्रभावकारी नीति, नियम तथा संस्थागत संरचनाको स्थापना गर्ने लक्ष्य लिएको छ ।

४.१.५. जल तथा मौसम विज्ञान विभाग :

यो विभाग जलवायुसम्बन्धी तत्थ्याङ्क तयार गर्ने, मौसम तथा बाढीको पूर्वानुमान गर्ने दायित्व भएको संस्था हो । यस्ता तथ्य तथ्याङ्कहरू अन्य क्षेत्र तथा संस्थाहरूले अनुसन्धान एवं योजना बनाउन प्रयोग गर्दछन् । कृषिमा मनसुनको समय तथा बाढी सुक्खाजस्ता विषयहरू थाहा पाउन मौसमको पूर्वानुमान आवश्यक हुन्छ । त्यसैगरी पर्यटन व्यवसायमा हिमाल आरोहण गर्ने समूहलाई मौसम पूर्वानुमान अति जरुरी हुन्छ ।

४.१.६. केन्द्रीय तत्थ्याङ्क विभाग :

केन्द्रीय तत्थ्याङ्क विभागले जलवायु परिवर्तनसम्बन्धी विषयमा विभिन्न छनौट गरिएका क्षेत्रहरूमा सर्वेक्षण गर्न सुरु गरेको छ । यसले मानिसहरूले कसरी जलवायु परिवर्तनको प्रभावलाई अनुभूत गरेका छन् भन्ने जानकारी गराउँदछ । यस्तो जानकारी खासगरी निश्चित क्षेत्रको लागि अनुरोध गरेर प्राप्त गर्न सकिन्छ ।

४.१.७. नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा प्रतिष्ठान (नास्ट) :

नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा प्रतिष्ठानले जलवायु तथा मौसमसम्बन्धी अध्ययन अनुसन्धान गर्ने गर्दछ । जलवायु परिवर्तन तथा तत्सम्बन्धी जानकारी सार्वजनिक रूपमा सबैले सहज ढंगले प्राप्त गर्न सकुन भनेर नास्ट एवं जनसङ्ख्या तथा वातावरण मन्त्रालयले संयुक्त रूपमा "नेपालमा जलवायु परिवर्तनको ज्ञान व्यवस्थापन केन्द्र" को स्थापना गरेका छन् । यसबाट जलवायु परिवर्तनका कारणबाट देखापरेका चुनौतीहरूलाई सामना गर्ने क्षमता अभिवृद्धि गर्न एवं नेपालमा जलवायुसम्बन्धी अनुसन्धान गर्न सहयोग पुग्ने अपेक्षा गरिएको छ । यसले वैज्ञानिक अनुसन्धान तथा सरकारको नीति निर्माण एवं विकास योजनाबीच सामान्जस्य मिलाउन सहयोग पुऱ्याउने पनि लक्ष्य लिएको छ ।

४.२ नागरिक समाज तथा अन्य साझेदारसँगको सहकार्य

४.२.१ नागरिक समाज

संसदको लागि जलवायु परिवर्तनसम्बन्धी जानकारी उपलब्ध गराउने कार्य मूलतः सरकारको भए पनि प्रभावकारी अनुगमन प्रणालीको लागि चाहिने सबै सूचनाहरूका लागि अन्य स्रोत पनि आवश्यक हुन्छन् । गैरसरकारी संस्था, अनुसन्धानमा संलग्न संस्थाहरू, नागरिक समाजले यस्तो सूचनाको सञ्जाल खडा गर्नुका साथै विभिन्न समुदायलाई जलवायुसम्बन्धी सेवा प्रदान गर्ने कार्यमा महत्वपूर्ण भूमिका निर्वाह गरिरहेका छन् ।

नागरिक समाजहरूले खासगरी स्थानीय तहमा समुदायका आवाजलाई प्रतिनिधित्व गर्दछन् । समुदायस्तरमा उनीहरूको पहुँच र उनीहरूको सीधा समुदायमा बसेर काम गर्ने अनुभवलाई नीति निर्माणका क्रममा उपयोग गर्न सकिन्छ । उनीहरूसँग विषयगत दक्षता हुन्छ र गैरसरकारी कोषहरूमा पहुँचसमेत रहन्छ । यसले गर्दा उनीहरूलाई खास अनुगमनको कार्यमा सक्षम बनाउँछ । परिणामतः निर्णयकर्ताहरूलाई वार्षिक कार्यक्रम तथा बजेटको माध्यमबाट जलवायु परिवर्तनको प्रभाव एवं जोखिमलाई न्यून गर्ने कार्यमा आवश्यक तथ्यपरक जानकारी हासिल गर्न सहयोग पुग्छ ।

नीतिगत विषयहरूमा नागरिक समाज-संस्थाहरूसँगको सहकार्यता केही समयदेखि बढ्दै गइरहेको छ । राज्यले उनीहरूको योगदानलाई पहिचान गरिसकेको छ र दक्षता भएका नागरिक समाज-संस्थाहरूलाई सचेतना बढाउने कार्यमा संलग्न गराइसकेको पनि छ । नागरिक समाज-संस्थाहरूले सडक नाटक, सार्वजनिक प्रदर्शनीजस्ता कार्यक्रमहरूको माध्यमबाट खासगरी वातावरण र स्वास्थ्य एवं सरसफाइका क्षेत्रमा सचेतना अभिवृद्धि गर्ने कार्यमा महत्वपूर्ण भूमिका निर्वाह गरेका छन् ।

सरकारले जलवायु वित्तलाई बजेटको प्रक्रियामा एकीकृत गर्न आवश्यक कदम चालिसकेको परिप्रेक्षमा कतिपय गैरसरकारी संस्थाहरूले जलवायु वित्तसम्बन्धी सचेतना अभिवृद्धि गर्ने कार्य पहिलेदेखि नै गर्दै आएका छन् । उनीहरूले जलवायु परिवर्तनका प्रभाव न्यून गर्ने कार्यमा लगानी गर्ने सरकारी प्रयासमा आमजनताको आवाजलाई पुऱ्याउँदै सरकारलाई देशभित्र तथा जलवायुसम्बन्धी विश्वव्यापी छलफलमा सहयोग पुऱ्याउँदै आएका छन् । स्थानीय तहमा जलवायु परिवर्तनको कारणले प्रभावित भएका खास क्षेत्रका जनतासँगको अन्तर्क्रियामा नागरिक समाज-संस्थाको उपस्थितिले निर्णयकर्ता समक्ष जनताका चाहना एवं भावना पुऱ्याउन सहयोग पुग्छ । तथ्यमा आधारित नीतिगत निर्णयहरू लिन आवश्यक सूचनाको आदानप्रदानमा सरकारी र नागरिक समाज-संस्थाहरूबीचको सहकार्यले जलवायु वित्तको वितरणलाई बढी पारदर्शी एवं बढी समावेशी बनाउन थप उपयोगी बनाउन मद्दत गर्दछ । जलवायु वित्तको गुणस्तरमा सुधार ल्याउन नागरिक समाज-संस्थाहरूले सरकारले गरेका कार्यहरूको परीक्षण गर्न सक्दछन् । सरकारका काम कारवाहीहरू आमजनताको हितमा छन् /छैनन्, निर्णय प्रक्रियामा पारदर्शिता छ, छैन तथा सार्वजनिक स्रोत र साधन दक्षतापूर्वक एवं प्रभावकारी रूपमा उपयोग भएको छ /छैन भन्ने जस्ता विषयहरूको मूल्याङ्कन पनि गर्दछन् ।

४.२.२ प्राज्ञिक संस्थाहरू

विश्वविद्यालय तथा अनुसन्धान संस्थाहरूलगायत थुप्रै निकायहरूले स्थानीय तहमा भएको जलवायु परिवर्तनको जोखिमका सम्बन्धमा तथ्य एवं सूचना संकलन गरेका हुन्छन् । स्थानीय जलवायुको सन्दर्भ र जलवायु विज्ञानलाई समेट्ने विषयमा प्राज्ञिक संस्थाहरूको राम्रो दखल हुने भएकोले प्राज्ञिक संस्थाको योगदानले सुसूचित निर्णय प्रक्रियामा सहयोग गर्दछ। स्थापित प्राज्ञिक संस्थाहरूको अनुसन्धान गर्ने तौरतरिका र विषयवस्तुको गहिराईमा जाने क्षमताले गर्दा जलवायु जस्तो विकसित हुँदै गरेको विषयमा नयाँ-नयाँ सूचनाको निर्माण समेत गर्न सक्छन् जसले गर्दा अन्य कतिपय सार्वजनिक संस्थाभन्दा उनीहरूसँगको सहकार्यले निर्णयलाई समस्या केन्द्रित बनाउन मद्दत गर्दछ । तर, त्यस्ता अनुसन्धान संस्थाहरूबाट तयार भएका सूचनाहरू सार्वजनिक स्रोतबाट खर्च गरिने जलवायुसम्बन्धी कार्यक्रमहरूको योजनामा उपयोग गर्ने कुनै प्रस्ट प्रावधान छैन । जलवायु परिवर्तनबाट मुलुकमा भएको प्रतिकूल प्रभावलाई न्यून गर्ने राज्यको प्रयासमा विभिन्न क्षेत्रमा गरिएका अनुसन्धानबाट प्राप्त दक्षता एवं ज्ञानलाई उपयोग गर्नु आवश्यक छ ।

संसदीय समितिहरूले संसदीय छानबिन गर्दा वा राज्यको वार्षिक बजेटको पुनरावलोकन गर्दा गैरसरकारी निकायहरूबाट तथ्य प्रमाण प्राप्त गरी सहयोग लिन सक्दछन् । आफ्नो प्रतिवेदनको आधार मजबुत बनाउन त्यस्ता सूचना सहयोगी हुन सक्छन् । आवश्यक परेमा त्यस्ता सूचना तयार गर्न लगाउन सक्दछन् वा प्रारम्भिक तहबाट सूचना प्राप्त गर्न छुट्टै आयोग बनाएर काम लगाउन सक्दछन् ।

४.२.३ सञ्चार माध्यम

राजनैतिक व्यक्ति र सर्वसाधारणको ध्यानलाई आवश्यक विषय बस्तुमा केन्द्रित गराउँदै परिस्कृत नीति निर्माण तथा सार्वजनिक संस्थाको जिम्मेवारीपन बढाउन स्वतन्त्र सञ्चार माध्यमको ठूलो भूमिका रहन्छ। सञ्चार माध्यमहरू जलवायु जस्तो कतिपयले सामान्यतया सतहीरुपमा मात्र बुझेको विषयलाई समेत निश्चित दायरामा केन्द्रित गराउँदै सार्वजनिक नीतिगत तहमा महत्वपूर्ण बनाउन सक्षम हुन्छन् ।

माननीय सांसदज्यूहरू सञ्चार माध्यमको भूमिकाबाट दुई किसिमले लाभान्वित हुन सक्नुहुन्छ । पहिलो, पत्रपत्रिकामा सम्प्रेषित समाचार वा लेखहरूमा आएका सूचनाहरू वा टिभी कार्यक्रममा आउने छलफलहरूबाट पाइने सूचनामा पहुँचबाट, र दोस्रो, जलवायुसम्बन्धी आफ्नो चासो र प्राथमिकतालाई आफ्ना मतदाताहरूकोमा पुऱ्याई सरकारी कारवाहीका लागि आवश्यक दवाब सिर्जना गर्न ।

समितिहरूले वार्षिक बजेट सुनुवाइ गर्ने क्रममा वा पुनरावलोकन गर्ने क्रममा सरकारदेखि बाहिरका स्रोतबाट समेत आवश्यक सूचना लिनुपर्ने हुन सक्छ । यतिले नपुग भए समितिहरूले अलग्गै अध्ययन गराएर वा सूचना संकलनका लागि आवश्यक स्रोत जुटाउन पैरवी गरेर पनि आवश्यक सूचना हासिल गर्नुपर्ने हुन सक्छ ।

परिशिष्ट १: सन्दर्भ सामग्री

A Description and Analysis of the Budget Formulation and Implementation Process in Nepal यो नीतिगत कार्यपत्र Alliance for Social Dialogue द्वारा सन् २०१४ मा प्रकाशन गरिएको हो । http://asd.org.np/wp-content/ uploads/2015/03/ Budget-Formulation-and -Implementation-Process-in-Nepal.pdf

A Primer on Parliamentary Budget Offices
यसले विश्वका संसदीय बजेट कार्यालयहरूको भूमिका तथा प्रभाव सम्बन्धमा संक्षिप्त पुनरावलोकनको जानकारी गराउँदछ । https://www.desjardins.com/ressources/pdf/pv160303-e.pdf

Anti-Corruption Assessment Tool for Parliamentarians
यसले बजेट तर्जुमा तथा सार्वजनिक वित्तको निगरानीलगायत भ्रष्टाचार विरुद्धको अभियानमा संसदको सवल तथा दुर्वल पक्षको निर्क्यौल गर्न विस्तृत प्रश्नहरू उपलब्ध गराउँदछ । http://gopacnetwork.org/Docs/AntiCorruptionAssessmentTool_EN.pdf

Climate Change Budget Code (जलवायु परिवर्तन बजेट सङ्केत)
यसले राष्ट्रिय कूल बजेटबाट जलवायु परिवर्तनसम्बन्धी सार्वजनिक खर्चलाई छुट्याउने विधि र प्रक्रियाको बारेमा जानकारी गराउँदछ । यसको प्रकाशन नेपाल सरकार, राष्ट्रिय योजना आयोग, (संयुक्त राष्ट्र सङ्घीय विकास कार्यक्रमको सहयोगमा) बाट सन् २०१२ मा भएको हो । http://www.npc.gov.np/ images/ category/ Climate-change-budget-code.pdf

Climate Change Budget Code, Application Review
यसले सन् २०११।१२ देखि विभिन्न मन्त्रालयहरूबाट जलवायु परिवर्तनसम्बन्धी कार्यक्रमहरूमा के कति बजेट विनियोजन गरेको छ भन्ने कुरा देखाउँदछ । यसको प्रकाशन नेपाल सरकार, राष्ट्रिय योजना आयोग, (संयुक्त राष्ट्र सङ्घीय विकास कार्यक्रम को सहयोगमा) बाट सन् २०१३ मा भएको हो । https://www.unpei.org/ sites/default/files/ e_library_documents/ Nepal_Climate_ Change_Budget_Code_ Application_Review_2013.pdf

Climate Change Financing Framework (CCFF)
यो खाका निर्माण कार्य तयारीकै अवस्थामा रहेको छ । यो प्रतिवेदनले जलवायु परिवर्तनलाई बजेट तथा योजना तर्जमा प्रक्रियामा एकीकृत गर्ने सम्बन्धमा गरिनुपर्ने सुधारको मार्गचित्र देखाउँदछ ।

Climate Resilient Planning Tool
यसले दीर्घकालीन जलवायु अनुकूलन योजना तर्जुमा गर्ने विधि एवं प्रक्रियाको बारेमा विस्तृत जानकारी गराउँदछ । नेपाल सरकार, राष्ट्रिय योजना आयोग, २०११ http:// www.npc.gov.np/ images/category/ climate_resilent_planning.pdf

Collaborative Research

यो अध्ययन प्रतिवेदनले कृषि क्षेत्रमा भएको जलवायु परिवर्तनसम्बन्धी सार्वजनिक खर्चले खासगरी गरिबी तथा लैङ्गिक क्षेत्रमा पुऱ्याएको योगदान र सोको प्रभावकारिता सम्बन्धमा जानकारी गराउँदछ ।

District Climate Public Expenditure and Institutional Review (d-CPEIR)

जिल्लास्तरीय जलवायु परिवर्तनसम्बन्धी सार्वजनिक खर्च तथा संस्थागत पुनरावलोकनः संयुक्त राष्ट्र सङ्घीय विकास कार्यक्रमको सहयोगमा, सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालयबाट गरिएको यो अध्ययन प्रतिवेदनले पाँचवटा जिल्लाहरू (धादिङ, उदयपुर, म्याग्दी, बर्दिया र अछाम) मा गरिएको अध्ययनबाट प्राप्त तथ्यलाई प्रस्तुत गरेको छ । यसले सन् २०११ देखि सन् २०१६ सम्म अध्ययन गरिएका जिल्लाहरूको जलवायु परिवर्तनसम्बन्धी वित्तीय एवं संस्थागत अवस्था तथा बजेट तर्जुमा प्रक्रियालगायतका विषयहरूको जानकारी गराउँदछ । साथै यसले जलवायु वित्तलाई प्रभावकारी रूपमा स्थानीय तहमा पुऱ्याउन स्थानीय स्तरको योजना तर्जुमा तथा बजेट निर्माण प्रक्रियामा जलवायु वित्तलाई एकीकृत गर्ने प्रक्रियाको लागि आधार पनि दिएको छ ।

Future for Climate Finance in Nepal

यसले नेपालमा जलवायु परिवर्तन सम्बन्धमा के-कस्तो वित्तीय व्यवस्था रहेको छ र भविष्यमा जलवायु सम्बन्धी वित्तीय स्रोत प्राप्त गर्न नेपालले के-कस्ता कदम चाल्नु पर्दछ भन्ने बारेमा जानकारी गराउँदछ । यसको प्रकाशन नेपाल सरकार, राष्ट्रिय योजना आयोग, (संयुक्त राष्ट्र सङ्घीय विकास कार्यक्रमको सहयोगमा) बाट सन् २०११ मा भएको हो । http://www.npc.gov.np/images/category/future_climate_change.pdf

Nepal Climate Public Expenditure and Institutional Review (CPEIR)

यसले नेपालमा राष्ट्रिय स्तरमा संचालित वार्षिक कार्यक्रममध्ये के कस्ता कुन-कुन कार्यक्रमहरू जलवायु परिवर्तनसँग सम्बन्धित छन् र यसमा के कति बजेट विनियोजन भएको छ भनेर देखाइएको छ । यसको प्रकाशन नेपाल सरकार, राष्ट्रिय योजना आयोग (संयुक्त राष्ट्र सङ्घीय विकास कार्यक्रमको सहयोगमा) बाट सन् २०११ मा भएको हो । http://www.unpei.org/sites/default/files/dmdocuments/ Nepal%20CPEIR% 20Report%202011.pdf

National Adaptation Programme of Action (NAPA)

यो अध्ययन प्रतिवेदनले नेपालमा जलवायु अनुकूलनका लागि तत्कालीन र दीर्घकालीन रुपमा के कस्ता कार्यक्रमहरू संचालन गर्न पर्दछ र यसका लागि के कति रकमको आवश्यकता पर्दछ भन्ने बारेमा जानकारी गराउँदछ । यसको प्रकाशन नेपाल सरकार, जनसङ्ख्या तथा वातावरण मन्त्रालयबाट सन् २०१० मा भएको हो ।

National Adaptation Plan (NAP)

यो अध्ययन प्रतिवेदन तयारीकै अवस्थामा रहेको छ । यो जनसङ्ख्या तथा वातावरण मन्त्रालयको नेतृत्वमा तयार भैरहेको छ र सन् २०१८ सम्ममा अध्ययन पूरा हुने लक्ष्य राखिएको छ ।

Open Budget Survey – Nepal

यो प्रतिवेदन राज्यको बजेटको पारदर्शिताको स्थिति देखाउन नियमित रूपमा गरिने विश्वव्यापी अध्ययनको एक अंशको रूपमा प्रकाशित हुने प्रतिवेदन हो । यसको प्रकाशन अन्तर्राष्ट्रिय बजेट साझेदारीद्वारा गरिन्छ। http://www.internationalbudget.org/ opening-budgets/ open-budget-initiative/ open-budget-survey/ country-info/?country=np

Public Expenditure Tracking Study (PETS)

यो अध्ययनले कृषि मन्त्रालयअन्तर्गत साना सिँचाइका कार्यक्रममा गरिएको बजेट विनियोजनको Tracking गर्ने प्रयत्न गरेको छ ।

Parliament and the Budgetary Process, Including from a Gender Perspective

फिलिपिन्समा भएको सम्मेलनमा आधारित भएर Inter-Parliamentary Union द्वारा सन् २००२ मा प्रकाशित । http://www.ipu.org/PDF/ publications/ manila02_en.pdf

Paris Agreement on Climate Change (Nepali version)

यो प्रतिवेदनले पेरिस सम्झौताको बारेमा जानकारी गराउँछ । यसको प्रकाशन नेपाल सरकार, जनसङ्ख्या तथा वातावरण मन्त्रालयबाट सन् २०१६ मा भएको हो .http://www.mope.gov.np/downloadfile/Paris%20Agreement_1475662885.indd

Public Hearing Manual

यो मार्गदर्शन पुस्तिकाले माननीय सांसदज्यूहरूले सार्वजनिक सुनुवाइ संचालन गर्दा अपनाउनु पर्ने विधि र प्रक्रियाको बारेमा विस्तृत जानकारी गराउँछ । यसको प्रकाशन National Democratic Institute for International Affairs (NDI) ले सन् २००९ मा गरेको हो । https://www.ndi.org/sites/default/files/Service%20and%20accountability%20Public%20Hearing%20Manual.pdf

Role of the Legislature in the Budget Process: Recent Trends and Innovations

यो बजेट निर्माण प्रक्रियामा माननीय सांसदज्यूहरूको भूमिकाका सम्बन्धमा ऐतिहासिक एवं वर्तमान विकासक्रमको बारेमा जानकारी गराउने नीतिगत कार्यपत्र हो । यसको प्रकाशन OECD द्वारा सन् २००९ मा गरिएको हो । https://www.oecd.org/gov/budgeting/43411793.pdf

The Role of Parliaments in the Budget Process

यसले बजेट चक्रसँग सम्बन्धित कार्यमा संसदले खेल्नुपर्ने विभिन्न किसिमका भूमिकाहरूका बारेमा जानकारी गराउँछ । यसको प्रकाशन सन् २००५ मा विश्व बैंकद्वारा गरिएको हो । http://siteresources.worldbank.org/PSGLP/ Resources/TheRoleofParliamentsinthe BudgetProcess.pdf

The Budget Process in India

भारतीय लोकसभाद्वारा प्रकाशित यो डकुमेण्टले बजेट प्रक्रियाबारे जानकारी दिन्छ । http://www.parliamentofindia.nic.in/ls/intro/p4.htm

परिशिष्ट २: सहयोगी संस्थाहरूको विवरण

संस्थाहरु	विस्तृत सम्पर्क विवरण
जनसंख्या तथा वातावरण मन्त्रालय	सह-सचिव, जलवायु परिवर्तन महाशाखा फोन नं ९७७ १ ४२११६४१, ४२११५८६, ४२११७३७ इमेल: info@mope.gov.np
अर्थ मन्त्रालय	सह-सचिव, बजेट तथा कार्यक्रम महाशाखा फोन नं ९७७ १ ४२११४०१
राष्ट्रिय योजना आयोग	सह-सचिव, कृषि, वन तथा स्थानीय विकास महाशाखा फोन नं ९७७ १ ४२११०५० इमेल: npcs@npc.gov.np
सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय	सह-सचिव, नगरपालिका तथा वातावरण महाशाखा फोन नं ९७७ १ ४२००३०९ इमेल: info@mofald.gov.np
कृषि विकास मन्त्रालय	सह-सचिव, योजना महाशाखा फोन नं ९७७ १ ४२११९०५,४२११९५०, ४२११६९७ फ्याक्स: ९७७ १ ४२११९३५ इमेल: memoad@moad.gov.np
वन तथा भूसंरक्षण मन्त्रालय, रेड (REDD) कार्यान्वयन केन्द्र	सह-सचिव, रेड कार्यान्वयन केन्द्र, बबरमहल, काठमाडौं फोन नं ९७७ १ ४२३९१२६ फ्याक्स: ९७७ १ ४२३९१२६ इमेल:: info@mofsc-redd.gov.np
नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा प्रतिष्ठान	प्रमुख, नेपाल जलवायु परिवर्तन व्यवस्थापन केन्द्र फोन नं ९७७ १ ५५४७७१५, ५५४७७१७, ५५४७७२०, ५५४७७२१ इमेल:: info@nast. gov.np
मौसम विज्ञान विभाग	महानिर्देशक फोन नं ९७७ १ ४४३६२७२, ४४३२४०९, ४४३३४७७, ४४२८५३२ इमेल: dg@dhm.gov.np
केन्द्रीय तथ्याङ्क विभाग	महानिर्देशक फोन नं ९७७ १ ४२२९४०६ इमेल: info@cbs.gov.np
प्राकृतिक श्रोत केन्द्र	१०७।२२ अरूणालामा मार्ग, गणेशबस्ती, नारायण गोपाल चोक, काठमाडौ नेपाल फोन नं ९७७ १ ४४२८६०२ इमेल: info@prc.org.np
क्लिन इनर्जी नेपाल	कार्यक्रम व्यवस्थापक, सफा ऊर्जा नेपाल प्रगतिपथ ताल्खिखेल ललितपुर, नेपाल फोन नं ९७७ १ ४४६४९८१, ५५३८६६० इमेल: info@cen.org.np
फ्रिडम फोरम	थापाथली, काठमाडौ नेपाल फोन नं ९७७ १ ४१०२०२२ ४१०२०३०

परिशिष्ट ३: सुनुवाइ गर्ने प्रस्तावित समय तालिकाको नमुना

प्रगति		कार्य	कैफियत
उपलब्धि	लागू नहुने		
		छानबिन सुरू गर्नु १५ दिन पहिले	
		बयानका लागि प्रमुख दस्तावेज संकलन गर्न तथा सुनुवाइका विषयसँग सम्बन्धित कुनै प्रश्नको जवाफ प्राप्त गर्न सम्बन्धित मन्त्रालयका पदाधिकारीसँग भेट्ने ।	
		छानबिन सुरू गर्नु १० दिन पहिले	
		सार्वजनिक सुनुवाइको मिति र समय निर्धारण गर्ने	
		सुनुवाइको लागि स्थानको व्यवस्था मिलाउने	
		सुनुवाइका लागि उपस्थित हुने व्यक्तिहरुको एकिन गर्ने	
		सुनुवाइ सुरू गर्नु ९ दिन पहिले	
		सुनुवाइका लागि बोलाइएका पदाधिकारी/व्यक्तिहरूलाई पत्र लेख्ने	
		अनुवाद गर्ने तथा प्रतिलेखन गर्ने कर्मचारी एवं आवश्यक सामग्रीको व्यवस्था मिलाउने	
		समितिका माननीय सदस्यज्यूहरूलाई प्रस्तावित प्रश्नहरु तथा तिनको जवाफका लागि आवश्यक तथ्य प्राप्त हुने ब्रिफिङ् नोट तयार गर्ने ।	
		सुनुवाइ सुरू गर्नु ८ दिन पहिले	
		पत्रकार सम्मेलनको लागि आवश्यक सामग्री तयार गर्ने र जारी गर्नका लागि समितिका सभापतिज्यूको सहमति प्राप्त गर्ने ।	
		सुनुवाइ सुरू गर्नु ७ दिन पहिले	
		छलफलका विषय तयार गर्ने र अनुमोदनका लागि सभापतिज्यू समक्ष प्रस्तुत गर्ने ।	
		समिति सदस्यहरूलाई संक्षेपमा जानकारी दिने सामग्री (briefing note) तयार गर्ने र माननीय सदस्यज्यूहरूलाई पठाउने ।	
		बोलाइएका पदाधिकारी/व्यक्तिहरु तथा समितिका माननीय सदस्यज्यूहरूको उपस्थितिको पुष्टि गर्ने ।	
		सुनुवाइ सुरू गर्नु ५ दिन पहिले	
		पूर्वस्वीकृत प्रेस नोट आमसञ्चार माध्यमलाई उपलब्ध गराउने ।	
		समितिका माननीय सदस्यज्यूहरूलाई ब्रिफिंग नोट (briefing note) उपलब्ध गराउने	
		सुनुवाइ सुरू गर्नु ३ दिन पहिले	
		सबै आवश्यक सामग्री दुरूस्त भए नभएको बुझ्ने ।	
		सुनुवाइ सुरू गर्नु २ दिन पहिले	
		पत्रकारहरूका लागि briefing note तयार गर्ने	
		पदाधिकारी/व्यक्तिहरूको सूचीलाई एकीकृत गर्ने र कुनै लिखित प्रस्तुति भए त्यसको छायाँप्रति तयार गर्ने	
		सुनुवाइ सुरू गर्नु १ दिन पहिले	
		समिति माननीय सदस्यज्यूहरूलाई लिखित प्रस्तुति उपलब्ध गराउने	
		समिति माननीय सदस्यज्यूहरूले briefing note प्राप्त गरे नगरेको बुझ्ने ।	

		सार्वजनिक सुनुवाइको दिन	
		सुनुवाइमा उपस्थित भएका आमसंचार माध्यमलाई संक्षिप्त जानकारी उपलब्ध गराउने ।	
		त्यस्ता सामग्रीको केही थप प्रति पनि उपलब्ध हुन सक्ने सुनिश्चितता गर्ने ।	
		सुनुवाइ भइरहेको अवस्थामा	
		जानकारी नभएका विषय थाहा पाउन आवश्यक प्रश्न सोधिने कुराको सुनिश्चितता गर्ने ।	
		पदाधिकारी/व्यक्तिहरूबाट प्रमुख जानकारी प्राप्त गर्न प्रत्येक उहाँहरूको लागि छुट्टा छुट्टै प्रश्नको सूची तयार गर्ने ।	
		प्राप्त बयानलाई अभिलेखीकरण गर्ने व्यवस्था मिलाउने ।	
		सुनुवाइ सञ्चालनमा अवलम्बन गर्नुपर्ने आवश्यक कार्यविधिको बारेमा सभापति तथा सदस्यहरूलाई सल्लाह दिने ।	
		सुनुवाइ सकिएपछि	
		सुनुवाइको प्रतिलेख (transcript) लाई पुनरावलोकन गर्ने । सुनुवाइको क्रममा प्राप्त बयानको सारांश तयार गर्ने र सिफारिशको सूची तयार गर्ने ।	
		समितिको सिफारिसका आधारमा मस्यौदा प्रतिवेदन तयार गर्ने ।	
		सिफारिस तथा प्रतिवेदनलाई अन्तिम रूप दिने र समितिबाट अन्तिम स्वीकृति प्राप्त गर्ने ।	
		समितिले गरेका सिफारिसहरु कार्यान्वयन भए नभएको अनुगमन गर्ने र सोको प्रगति समितिका सभापति एवं सदस्यज्यूहरूलाई जानकारी गराउने ।	

परिशिष्ट ४: समितिबाट गरिने सुनवाइको लागि प्रस्तावित सूची

सुनुवाइ पहिले

प्रगति		कार्य	कैफियत
उपलब्धि	लागू नहुने		
		के सबै आवश्यक सूचना तथा जानकारी सभापतिज्यूलाई पठाइयो ?	
		के सबै आवश्यक सूचना तथा जानकारी समिति माननीय सदस्यज्यूहरूलाई पठाइयो ?	
		के सबै आवश्यक सूचना तथा जानकारी पदाधिकारी/व्यक्तिहरूलाई पठाइयो ?	
		के सबै आवश्यक सूचना तथा जानकारी आमसञ्चार माध्यमलाई पठाइयो ?	
		के सुनुवाइको लागि कोठा बुक गरियो ?	
		के तस्बिर लिने मानिसको आवश्यकता छ ?	
		के आवश्यक कुर्सी, टेबल, पर्दासहित कोठा एवं खानपीनको व्यवस्था मिलाइएको छ ?	
		के पदाधिकारी/व्यक्तिहरूलाई ल्याउने र लैजाने व्यवस्था गर्नु पर्दछ वा होटलको खर्चको व्यवस्था गर्नु पर्दछ ?	
		के माइक्रोफोन ठीक अवस्थामा छ ?	
		के कोठामा रजिस्ट्रेशन डेस्कको व्यवस्था छ ?	
		के सूचनाहरु दिशानिर्देश गर्ने आवश्यक चिन्हहरु एवं नेम प्लेटहरु ठीक दुरूस्त छन् ?	
		के पदाधिकारी/व्यक्तिहरु कहाँ जाने ? उनीहरूबाट के अपेक्षा गरिएको छ ? कति लामो समयसम्म बोल्नु पर्दछ ? कुन समयमा उनीहरूले फुर्सद पाउँछन् भन्ने थाहा छ ?	
		के पदाधिकारी/व्यक्तिहरूलाई खाना वा जलपान गराउनु पर्दछ ?	

सुनुवाइ सकिएपछि

प्रगति		कार्य	वैफियत
उपलब्धि	लागू नहुने		
		पदाधिकारी/व्यक्तिहरु तथा अन्य सहयोगीहरूलाई लिखित रूपमा धन्यवाद दिनुहोस् ।	
		उपस्थित भएका सबैलाई कुनै थप सूचना वा जानकारी दिनुपर्ने भए पठाउनुहोस् र अनुपस्थित भएकालाई पनि सूचना दिनुपर्ने भए पठाउनुहोस् ।	
		लक्षित पत्रकारलाई फोनबाट सुनुवाइको बारेमा जानकारी दिनुहोस् ।	
		सबै साक्षीको लागि खर्च भुक्तानी भएको तथा सुनुवाइको लागि भाडा तथा खानपिनको खर्च तिरिएको सुनिश्चितता गर्नुहोस् ।	
		सुनुवाइको कारणबाट गर्नै पर्ने कुनै काम छ भने सो पूरा भए नभएको अनुगमन गर्नुहोस् ।	
		सानो क्रियाशील समूहको वैठक आयोजना गरी सुनुवाइको सफलताको मूल्याङ्कन गर्नुहोस् र दोस्रो चरणको कामको बारेमा योजना तयार गर्नुहोस् ।	

यस हाते पुस्तिकाका सम्बन्धमा

यस हाते पुस्तिका तयार गर्ने सिलसिलामा वातावरण संरक्षण समिति र अर्थ समितिको एक संयुक्त कार्यशाला गोष्ठी आयोजना गरिएको थियो । उक्त गोष्ठीमा नेपालको प्राकृतिक स्रोत, आर्थिक क्रियाकलाप, विकासकार्य र समुदायहरूको जनजीविका लगायतका क्षेत्रमा जलवायु परिवर्तनका कारण पर्ने नकारात्मक प्रभाव र न्यूनीकरणका उपायहरूबारे गहन छलफल भयो । साथै, दीर्घकालीन रूपमा समग्र अनुकूलन क्षमता अभिवृद्धि सहित विकासकार्यको निरन्तरता, विकास कार्यक्रममा जलवायु परिवर्तनलाई समाहित/मूलप्रवाहीकरण गर्ने, जलवायु वित्तको पारदर्शी एवं उत्तरदायीपूर्ण संचालनमा आवश्यक संसदीय निगरानी र निर्देशन तथा तिनको प्रभावकारिताबारे पनि विचार विमर्श भयो । सोही गोष्ठीमा संयुक्त राष्ट्र संघीय विकास कार्यक्रम (यूएनडीपी)को प्राविधिक सहयोगमा तयार गरिएको जलवायु वित्त हाते पुस्तिकाको मस्यौदालाई अन्तिमरूप दिन व्यवस्थापिका संसदका दुवै समितिका माननीय सदस्यज्यूहरूको प्रतिनिधित्व हुने गरी एक कार्यदल गठन गर्ने निर्णय गरियो । तदनुरूप पुनः दुई दिने गोष्ठिको आयोजना गरी थप सल्लाह सुझावसहित पुस्तिकाको मस्यौदालाई अन्तिम रुप दिइएको थियो ।

बजेट तर्जुमा, स्वीकृती, कार्यान्वयन, र अनुगमन जस्ता बजेट चक्रका विभिन्न चरणमा माननीयज्यूहरूबाट गरिने जलवायुजन्य वित्तको जाँचपडताल र निरीक्षणकार्यमा सहयोग पुऱ्याउने उद्देश्यले प्रस्तुत हाते पुस्तिका तयार पारिएको हो । यसै सन्दर्भमा बजेटका विभिन्न चरणहरूमध्ये बजेट अनुगमनको चरणलाई लक्षित गरी प्रस्तुत हाते पुस्तिकाको स्थलगत प्रयोग-परीक्षण गरियो, जसअन्तर्गत दुवै समितिका माननीय सदस्यज्यूहरूबाट म्याग्दी र बर्दियाका विभिन्न ठाउँहरू भ्रमण गरी जलवायुजन्य वित्तको कार्यान्वयनको अवस्थाबारे अध्ययन-अवलोकनसमेत गरिएको थियो । यसरी विभिन्न चरणहरूमा विषयविज्ञ, कार्यान्वयन साझेदारहरू तथा स्थलगतरूपमा कार्यरत निकायहरू र स्वयम् माननीय सदस्यज्यूहरूका समेत सल्लाह सुझाव लिई तयार पारिएको यस हाते पुस्तिकाले तीनै तहका जनप्रतिनिधिहरूलाई जलवायु परिवर्तन जस्तो अहम् महत्वको मुद्दालाई विकास योजनाहरूमा एकीकृत गर्न, जलवायु परिवर्तन न्यूनीकरण तथा अनुकूलनका लागि प्रभावकारी कदम चाल्न र समग्रमा जलवायु वित्तको प्रभावकारी कार्यान्वयन गर्ने उद्देश्यमा सघाउने छ ।

कार्यदल एवम् अध्ययन टोलीका माननीय सदस्यहरू:

प्रकाश ज्वाला, गीता क्षेत्री, दामोदर भण्डारी, कमला पन्त, कमला विश्वकर्मा, कुन्ती शाही, गणेशप्रसाद विमली, दलबहादुर सुनार, राजाराम स्याङतान, राधिका तामाङ, रीता शाही, सरिता प्रसाईं, सिर्जना तरामु खत्री, सीता लुइँटेल ज्ञवाली, हरिबहादुर राजवंशी र हरिलाल ज्ञवाली ।

संयोजन : कृष्णहरि खड्का, सचिव, अर्थ समिति; सुरजकुमार दुरा, सचिव, वातावरण संरक्षण समिति लगायत सचिवालय कर्मचारीद्वय रविन अधिकारी र लक्ष्मी भण्डारी ।

संसद सहयोग परियोजना/यूएनडीपीका व्यवस्थापक डा. राजबहादुर श्रेष्ठ र टिमलिडर दिला दत्त पन्त, यूएनडीपीका कार्यक्रम विश्लेषक कल्पना सरकार र नीति विश्लेषक अपार पौड्याल ।

प्राविधिक सल्लाह : सुजला पन्त, सुरेन पागोसियान, ग्लेन होड्स, गभर्नेन्स अफ क्लाइमेट चेन्जफाइनान्स प्रोग्राम, यूएनडीपी

तयारी तथा लेखन : केभिन डिभोक्स र मधुकर उपाध्या

व्यवस्थापिका संसद

२०७४